# परिच्छेद : एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

नेपालको प्राचीन शिक्षा प्रणालीको अध्ययन गर्दा औपचारिक रुपरेखाबाट अध्ययन अध्यापन भएको थिएन । समाजमा हरेक प्रकारका धर्म,सांस्कृतिक परम्पराहरु मूल्य मान्यताका आधारमा संचालित भएको थियो । त्यसबेला शिक्षा घरमा नै वुवा वा आमाबाट छोराछोरीले सीपहरु सिक्ने, चालचलन तथा रितीरिवाज हस्तान्तरण गर्ने प्रचलन थियो । नेपालमा शिक्षा प्रणालीको विकासको कुरा गर्नु पर्दा गुरुकुल, ऋषिकुल हुदै आयो । त्यसवेला गुरुहरु नै समाजमा शिक्षाका पथप्रदर्शक हुने गर्दथे । तोकिएको कुनै पनि पाठ्यक्रम, शिक्षणविधि नीति नियमहरु पनि थिएन, गुरुले जुन सिकायो। तोकिएको कुनै पनि पाठ्यक्रम, शिक्षणविधि नीति नियमहरु पनि थिएन,गुरुले जुन सिकायो (जानकारी दियो) त्यही कुरा चेलाहरुले अनिवार्य गर्नुपर्ने हुन्थ्यो । त्यसैगरी बौद्ध धर्मका धर्मग्रन्थहरुलाई विद्यार्थीले कन्ठस्थ पारेको आधारमा नै विद्यार्थीको मूल्याङ्कन गरिन्थ्यो । कन्ठस्थ नगर्न विद्यार्थीलाई कडा दण्ड दिने चालचलन थियो । शिक्षकसामु टकराव (झगडा) गर्ने विद्यार्थीलाई छुट गर्न व्यवस्था थिएन, (शर्मा, २०६५) ।

प्राचीनकालपछि बौद्ध पाठशालाको स्थापना गरी बौद्ध शिक्षाको सुरुवात भएको पाइन्छ । बौद्ध शिक्षामा पनि गुरुकुल,ऋषिकुल,देवकुल एवम् पितृकुल प्रणालीद्धारा शिक्षा दिने परम्परा यथावत थियो । त्यसबेला खासगरी मातृदेवोभव, पितृदेवो भवः, गुरुदेवो भवः जस्ता आदर्शहरुबाट नै शिक्षा प्रदान गरिन्थ्यो । विद्यार्थीहरुले पनि गुरुको आज्ञालाई पालन गर्ने हिंसा,रिस असत्य त्यागी र पवित्र भएर मात्र तपस्या सहित ज्ञान आर्जन गर्नुपर्ने चलन थियो । यसरी हेर्दा संस्कृत पाठशाला हुदै वि.सं. १९१० मा जंगबहादुरले अंग्रेजी विद्यालयको स्थापना (दरवार हाईस्कुल खोलेदेखि) अंग्रेजी शिक्षाको पनि शुरुवात भएको थियो । नेपालमा खासगरी औपचारिक शिक्षाको सुरुवात राण प्रधानमन्त्री जंगबहादुरको पालादेखि भएपनि खासै प्रजातान्त्रिकरण भने वि.सं २००७ सालपछि मात्र विकास भएको देखिन्छ । प्रजातन्त्रको स्थापना पछि धैरै मात्रामा च्याउ उम्रेझै विद्यालय खोलियो त्यसलाई व्यवस्थीत गर्नको लागि राष्ट्रिय शिक्षा योजना आयोग वि.सं. २०११ सार्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग वि.सं. २०१८ को समेत गठन भई तिनीहरुको राय सल्लाह सुझावले शिक्षामा प्रजातान्त्रिककरणमा जोड दिएको भएपनि कार्यान्वयनको पद्धतियोजना लागु भयो त्यसबेलादेखि शिक्षण प्रक्रियमा

दण्डमुखीभन्दा हौसलामुखी एवम् वातावरणको सृजना गर्नुपर्ने धारणालाई राष्ट्रिय शिक्षा आयोग वि.सं.२०४९ पछि मात्र थालनी भएको हो । यसरी समग्र रुपमा केलाउनु पर्दा नेपालको शिक्षाको इतिहासमा सिकाइ तथा अध्ययन अध्यापन क्रियाकलाप शिक्षक केन्द्रित तथा नियन्त्रण मुखी भई संचालन भएको देखिए पनि यसलाई सुधार गरी प्रजातान्त्रिक र व्यावहारिक पद्धतिलाई क्रमशः अगाल्दै पाइन्छ ।

जब उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग वि.सं.२०४९ को राष्ट्रिय उद्देश्यलाई अध्ययन गर्दा व्यक्तिको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने भन्ने भावना र भनाइमा शिक्षा प्रणालीले प्रजातान्त्रिक मूल्यमान्यता अगाल्ने प्रयासमा कमी आएको छ । जब पूर्व प्राथमिक तहपछि निम्न माध्यमिक तहमा विद्यार्थीहरु प्रवेश गर्दछन् । त्यसबेला उनीहरु केहीहदसम्म परिपक्क भएका हुन्छन् । विद्यालयमा शिक्षकबाट भएका कमीकमजोरीलाई लुकाउने विद्यार्थीहरुमा प्रभुत्व हावी गर्ने,अन्य कुराको रिस पोख्ने, अध्यापन गर्दा अल्छि गर्ने कारणले गर्दा अध्ययन अध्यापन कार्यमा शारीरिक दण्ड, मानसिक दण्डमा होच्याएर बोलाउने निरुत्साहित गर्ने र भेदभाव गर्ने र नराम्रा शब्द प्रयोग गरी गाली गर्ने जस्ता दण्डहरु दिएको पाइन्छ भने पुरस्कारले विद्यार्थीको शारीरिक,मानसिक मात्र नभइ हरेक क्रियाकलापमा मनोवैज्ञानिक ढंगबाट उत्प्रेरणा, हौसला दिएर प्रगति र राम्रो कार्यमा लगाउने गर्दछ । वास्तवमा भन्ने हो भने पुरस्कार धेरै प्रकारका हुन्छन् । हाम्रो मानसपटलमा पुरस्कार भन्ने वित्तिकै पैसा पाउनु,मेटल पाउनु, पदक पाउनु,कुनैपनि भौतिक चिजहरु पाउनु भन्ने रहेको छ । तर त्यस्तो होइन कुनैपनि तर्फबाट धन्यवाद स्याबास, अति राम्रो,धेरै राम्रो भन्ने तथा शरीरमा हातराखि धाप मार्ने पनि पुरस्कार हो ।

यस्तो पुरस्कारले विद्यालयको हरेक कक्षाहरुका विद्यार्थीलाई मानसिकता विकास गर्न ठूलो सहयोग गर्दछ । पुरस्कारबाट शिक्षण सिकाइ क्रियाकलापलाई सुधारोन्मुख गराउन सकिने कुरामा कुनै पनि विवाद छैन ।

स्किनर(१९३१) मा शिक्षणको क्रममा सिकाईलाई प्रभावकारी बनाउने माध्याम शक्ति वा तत्वका रुपमा पुनरावललाई लिइन्छ । पुनरावल तथा पुरस्कारले व्यक्तिको सिकाईलाई प्रेरित गर्ने गर्छ । सिकाइको मात्रा बढाइन्छ । नकारात्मक व्यवहारलाई हटाएर सकारात्मक व्यवहारलाई बढाउने हुनाले व्यक्तिको व्यवहार नै परिवर्तन हुन्छ । पुनरावललाई लिइन्छ । पुनरवल तथा पुनरवल तथा पुरस्कारले व्यक्तिको सिकाईलाई प्रेरित गर्ने गर्छ । सिकाइको मात्रा बढाइन्छ । नकारात्मक व्यवहारलाई हटाएर सकारात्मक व्यवहारलाई बढाउने हुनाले

व्यक्तिको व्यवहार नै परितवर्तन हुन्छ । पुनरवलविद्यार्थीको लागि ठूलो सहयोग गर्ने कुरा हो । तर कक्षाकोठामा तत्काल लगातार पुर्नबल, मात्रात्मक पुर्नबल र संख्यात्मक पुर्नबल सबैको प्रयोगले व्यक्तिलाई प्रगतिउन्मुख बनाउँछ । पुर्नबल विद्यार्थीहरुले गरिरहेको कार्यलार्य गल्ती नगरी सुधार गर्दै थप हौसलास्वरुप प्रदान गरिने तथा गरिरहेको कार्यलाई गल्ती नगरी सुधार गर्दै थप पक्षमा पुऱ्याउने भएकोल यसको प्रयोग गर्नुपर्दछ । दण्ड विद्यार्थीलाई मन नपर्ने भएकोले यसबाट विद्यार्थीहरुको प्रगति र उपलब्धीमा चाहिदो कुनै सहयोग भएको देखिदैन । दण्डले जहिले पनि दवाउने हुँदा यसको हरेक किसिमको असर विद्यार्थीहरुमा पर्दछ ।

यस्तो किसिमका दण्डबाट विद्यार्थीको शारीरिक, मनोवैज्ञानिक, संवेगात्मक एवं सामाजिक पक्षमा ठूलो असर देखा पर्दछ । उता पुरस्कारबाट विद्यार्थीमा निरुत्साहित गरी पुरस्कार र हौसलामुखी प्रजातान्त्रिक तथा उत्साहित माध्यामबाट सिकाइ क्रियाकलापलाई विद्यार्थीको चाहना आवश्यकता र आकांक्षलाई उजागर गर्ने किसिमले उनीहरुमा प्रोत्साहनको भावनामा विकास गर्न उत्तम मानिन्छ ।

बालबालिकाको हरेक विकासमा सहयोग गर्ने बालअधिकार बालसंस्थाहरु लगायत नेपालको अन्तरिम संविधान २०६३ ले पनि बालअधिकारको बारेमा उल्लेख गरेको छ । कुनैपनि ठाउँमा बालबालितकामा हुने शारीरिक तथा मनोबैज्ञानिक दण्ड गम्भिर विषय हो जो बाल्यावस्थाबाट दण्ड र दुर्व्यवहार सिकार बनेका छन् । शिक्षकले विद्यार्थीलाई अनुशासनमुखि बनाउन दण्ड दिने हो भने उनीहरुको बानी व्यहोरा तथा व्यवहार राम्रो हुन्छ, पढाइको स्तरलाई उच्च बनाउन सकिन्छ भन्ने भ्रमपूर्ण मान्यताको कारणले केटाकेटीहरु शिक्षक,शिक्षिकाबाट दण्डको भागि बन्नु परेको छ । पठनपाठन कार्यमा शिक्षकको महत्वपूर्ण भूमिका हुने भएकोले अध्ययन अध्यापनको क्रममा हरेक वैकल्पीक प्रयासका माध्यामले बालबालिकाको शारिरीक,मानसिक तथा संवेगात्मक पक्षलार्य मध्यनजर गरी राम्रो वातावरणको सृजना गरी तथा पुरस्कारमुखी,उत्साहीत सम्वलनको माध्यामले अध्यापन गर्नुपर्ने आजको आवश्यकक्ता रहेको छ ।

अन्त्यमा पुनवर्लको सहयोग स्वरुप पुरस्कार पाउने भएकोले यिनीहरु दुबैको प्रयोग गरी वर्तमान अवस्थामा हाम्रो देशको विद्यालयहरुको कुरा गर्ने हो भने शान्ति वा विद्याको मन्दिर मानिने विद्यालय तहमा नीजि विद्यालयमा दण्डको प्रयोग धेरै भएको र सामुदायिक विद्यालयमा पनि दण्ड बढी प्रयोग गर्ने खवर यदाकदा आइरहेको पाइन्छ । त्यसकारण

वर्तमान अवस्थाम विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थापनको अवस्था अध्ययन गर्न यो खोज गरिएको हो ।

### १.२ समस्याको कथन

वर्तमान एक्काइसौ शताब्दीमा हाम्रो देशका लाखौं बालबालिकाहरु लगायत अधिकांश मानिसहरु शिक्षाको उज्यालो घामबाट टाढा रहेका छन् । हातमा/झोलामा कापी,किताब,कलम बोकेर विद्यालयको रमाइलो वातावरणमा हुर्कनु खेल्नु, रमाउनु पर्ने केटाकेटीहरु जंगलमा घाँस दाउरा,धारा,पँधेरा,ग्वाला, खेतीपाती,श्रम, भरिया इत्यादीहरुमा बाल्याकाल बिताउन बाध्य भएका छन् । उनीहरुमा आफ्नै किसिमको दु:ख व्यथा रहेको छ । यसो हुनुमा विभिन्न कारणहरु छन् जस्तै आर्थिक,सामाजिक,पारिवारिक,सांस्कृतिक, भौगोलिक आदि रहेका छन् । उनीहरुको तुलनामा विद्यालयमा पढ्न पाएका विद्यार्थीहरु निश्चय रुपमा भाग्यमानी छन् । तर पनि अध्ययन गर्न पाएका बालबालिकाहरु स्वतन्त्र रुपमा होइन मानसिक दवावको कारण अनुशासनको नाममा दण्डीत भएका छन् भने कतिपय पुरस्कृत हुने पनि गरेका छन् । एउटै विद्यालयमा फरक किन ? विद्यालयमा दण्ड दिने पुरानै संस्कार किन भेटिएको छैन तथा पुरस्कृत गर्न वर्तमान संस्कार किन फैलिन सकेन भन्ने कुरा खोजी गर्नु यस्ता घट्नाहरु वारम्वार समाचार आउने गरेको परिप्रेक्ष्यमा यस्ता समस्याको लोभ गर्न यो शीर्षक उठान गरिएको छ ।

बालबालिकाको हरेक पक्षको विकासको लागि अध्ययनका अध्यापन कार्यमा दण्ड र पुरस्कारले के कस्तो असर प्रभाव पारेको छ र यसले दिर्घकालीन रुपमा के असर वा उपलब्धि पुऱ्याउदैछ भन्ने कुरा अध्ययनको विषय बन्न पुगेको छ । दण्ड र पुरस्कारले प्रभाव पार्ने भएकोले निम्न माध्यमिक विद्यालयमा दण्डको खोजी गर्नु आवश्यक देखिन्छ । हाम्रो देशको विद्यालयमा दण्डको नाममा नराम्रो विकृति विसंगतिहरु उत्पादन भएका छन् भने पुरस्कारको नाममा पनि भेदभावपूर्ण व्यवहार गरिने कारणले विसंगति छ तर पनि दण्डभन्दा पुरस्कारमा केही सुधार छ । जसले गर्दा शिक्षक विद्यार्थी सम्बन्ध शिक्षकअभिभावक सम्वन्ध तथा विदालय समुदायबीचका सम्बन्धमा समेत प्रश्न चिन्ह खडा भएकोले शिक्षण पेशा चुनौतीपूर्ण तथा खतराको अवस्थामा देखा परेको देखिन्छ । कतिपय समय र अवस्थामा दण्ड र पुरस्कारले विद्यार्थीमा गम्भीर किसिमका परिणामहरु सृजना भएको देखिन्छ र विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यामबाट सुन्नमा आएको छ । त्यसकारण यस अध्ययन शीर्षक पनि सम्बन्धित क्षेत्रको समस्याको पहिचान तथा निराकारणको लागि मेरो अध्ययनको

छनोटमा परेको हो । हुनत बालबालिकाको अधिकांस समय घरपरिवार अभिभावकसँग बिताउँछन् । औपचारिक शिक्षाको लागि विद्यालमा ५ घण्टा बिताउँछन् । समय थोरै भएपनि बालबालिकाको सिकार्यको लागि विद्यालय नै बढी प्रभावकारी मानिन्छ । त्यसो भएकोले उसलाई विद्यालयमा राम्रो वातावरण दिई उसको  चौतफी विकासमा टेवा पुऱ्याउनुपर्छ । यसलाई विद्यालयमा राम्रो वातावरण दिई उसको चौतर्फी विकासमा टेवा पुऱ्याउनुपर्छ । यसलाई माया, ममता,स्नेहका साथ हौसलापूर्ण वातावरणमा समायोजन गराई शैक्षिक उन्नतिमा अगाडी ल्याउनुपर्छ जसले सफल र सबल नागरिक बन्न मद्दत गरोस् ।

यस अध्ययनले विद्यालय तहमा अध्ययन गर्ने बालबालिकाहरुको शिक्षण सिकाइमा दण्ड र पुरस्कारले के कस्तो प्रभाव पारेको छ । दण्ड र पुरस्कार के कस्ता छन् भन्ने निष्कर्ष निकाल्न सहयोग गर्नेछ । यस अध्ययनले दण्ड र पुरस्कारले सिकायमा कस्तो प्रोत्साहन गर्छ वा गर्दैन ? सृजना गर्ने समझाहरु वा विकृतिहरु के के हुन् सक्छन् ? दण्ड र पुरस्कारले शिक्षक विद्यार्थी विद्यार्थी विद्यालय सम्वन्धी अभिभावक शिक्षक सम्वन्धमा कस्तो असर वा फाइदा पुऱ्याउछ ? आदि प्रश्नहरुको जवाफ खोज्नु यस अध्ययनको शीर्षक विद्यालय तहमा दण्ड र पुरस्कार राखिएको छ । किनकि दण्डहरुबाट अध्ययन अध्यापन गराउँदाको अवस्थाबाट वास्तविक के उपलब्धि हुन्छ वा नोक्सान हुन्छ र पुरस्कारबाट सिकाइ के कस्तो प्रभावकारी हुन्छ भन्ने प्रभाव वा उपलब्धि पूरा जानकारी प्राप्त गर्नको लागि समस्याको निराकरण गर्न नै यस शीर्षकलाई समस्याको रुपमा लिइएको थियो ।

## १.३. अध्ययनको औचित्य

शिक्षण सिकाइमा पुरस्कारको व्यवस्था गरी शिक्षाबाट वञ्चित बालबालिकालाई विद्यालय ल्याउनुपर्ने स्थितिमा दण्ड दिइयो भने विद्यार्थीमा पर्ने असर, अभिभावकमा पर्ने प्रभाव समुदायमा पर्ने प्रभावले गर्दा सिङ्गो राष्ट्रलाई नै क्षति पुग्न सक्छ । त्यस्तो प्रकारको क्षतिलाई पनि केही हदसम्म न्यूनिकरण गर्न यस अध्ययनले सहयोग गर्नेछ । अभिभावक शिक्षकलाई  पनि दण्ड दिंदा बालबालिकामा आउने सकारात्मक र नकारात्मक असरबारे जानकारी हुनेछ भन्ने आशा लिइएको छ ।

वर्तमान समयमा दण्ड र पुरस्कारले गर्दा शिक्षक विद्यार्थी विद्यालय अभिभावक बीच सम्वन्धमा कमी हुँदै गइरहेको छ । जसले गर्दा विद्यालय र समुदाय वीच सरसहयोगमा कमी हुँदै आएको देखिन्छ । दण्ड र पुरस्कारले गर्दा विद्यार्थीमा सिकाइप्रतिको रुचिमा कमी आई विद्यालयप्रति केही मात्रामा सकारात्मक भए पनि बढी मात्रामा नकारात्मक दृष्टिकोण

अध्ययन गर्न छोड्ने वा कमि हुदैं जाने डरले भयावह नै हुने देखिन्छ । मनोवैज्ञानिक एवम् पुरस्कार र प्रोत्साहनमुखी शिक्षा प्रणालीको प्रादुर्भाव भइराखेको समयमा हाम्रो देशका विद्यालयमा पुरा नै पवृत्तिबाट हुने शिक्षणले अध्ययन अध्यापनमा दण्डको निकै प्रयोग र पुरस्कारको कम प्रयोग वा प्रयोग नै नहुने गरेको पाइन्छ । यसबाट विद्यार्थीको सिकाइ प्रक्रियाको विकासमा अप्ठ्यारो सृजना पार्ने गर्दछ । त्यसैले गर्दा दण्डको प्रयोग र पुरस्कारको कम प्रयोगमा बढी ल्याई विद्यार्थीलाई सिर्जनाशील वातावरण तथा माया ममता र स्नेहका साथ अध्ययान अध्यापन गर्नु चुनौतीपूर्ण देखिन्छ । यस्तो चुनौतीपूर्ण समस्यालाई छिचोल्दै विद्यालय जस्तो पवित्र संस्था जहाँ बालवालिकाको भविष्य निर्माण हुन्छ त्यहाबालमैत्रीपूर्ण वातावरणमा शिक्षण गर्नुपर्छ । दण्डमुखी होइन हौसलामुखी वातावरण सृजना गरी विद्यार्थीको हरेक बानी व्यवाहारदेखि शैक्षिक उपलव्धी माथि उकास्न दण्ड र पुरस्कारको उचित व्यवस्थापन गर्नुपर्ने दायित्व विद्यालयको सम्भ्कीनु महत्वपूर्ण हुन्छ । शिक्षक, विद्यार्थी, अभिभावकको सम्वन्ध पनि नङ र मासुको जस्तै हुनुपर्छ । ताकि हरेक काममा कुनै बाधा अड्चन जिम्मवारी निकाय विद्यालय व्यवस्थापन समितिलाई विद्यलयमा दिइने दण्ड र पुरस्कारको व्यवस्थापन समन्वय र सहकार्यबाट सबैको राय, सल्लाह, सुझाव सहित गर्दा उपयुक्त हुन्छ भन्ने धारणाको विकास गराई अगाडी बढ्न सहयोग पुऱ्याउनेछ । साथ दण्डबाट पर्ने सकारात्मक वा नकारात्मक प्रभाव पुरस्कारबाट पर्ने सकारात्मक वा नकारात्मक प्रभाव पुरस्कारबाट पर्ने सकारात्मक वा नकारात्मक प्रभाव पुरस्कारबाट पर्ने सकारात्मक वा नकारात्मक प्रभाववारे पनि ज्ञान दिन महत्वपूर्ण मानिनेछ ।

जिल्ला शिक्षा कार्यालयलाई यस अध्ययनले शिक्षण सिकाइमा दण्ड र पुरस्कारको सकारात्मक वा नकारात्मक असर कस्तो कस्तो पर्छ भन्ने कुराको बोध गराइ विद्यार्थीको मनोविज्ञानमा आधारित भई शिक्षण गर्न दण्ड र पुरस्कारको सम्वन्धमा तालिममको निर्माताहरुलाई विद्यालयमा शिक्षण सिकाइ क्रियकालपाको बेला दिने, दण्ड र पुरस्कार कस्तो प्रकारको दण्ड दिँदा कस्तो नतिजा र पुरस्कार दिंदा कस्तो नतिजा आउँछ भन्ने पत्ता लगाई दण्ड र पुरस्कार सम्बन्धी नीति नियम बनाउने कुरासँग महत्व राख्ने आशा गरिएको छ । साथै भविष्यमा यस्ता किसिमका समस्याहरु उठान गरी अध्ययन अनुसन्धान गर्ने अनुसन्धाकर्तालाई विभिन्न किसिमका सूचना सङकलन गरी अहिले र त्यसबेलाको अध्ययनको तुलना गरी विद्यमान ज्ञानमा थप योगदान पुऱ्याई अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. को प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध हुन्छ । जसमा खास गरी दण्ड र पुरस्कारको प्रयोग गर्ने प्रत्यक्ष जिम्मेवारी शिक्षक भएकोले यस अध्ययनबाट प्राप्त नतिजाबाट पुरस्कार वा दण्ड कुन विधि अप्नाउँदा कस्तो प्रभाव/असर पर्दो रहेछ, कुनको प्रयोगमा शिक्षण गर्दा वा विद्यार्थीको समस्या समाधान गर्न बढी उपयोगी हुँदो रहेछ भन्ने जानकारी यसले महत्वपूर्ण योगदान गर्नेछ । साथै दण्ड र पुरस्कारबाट सबै सरोकारवालाको धारणा पत्ता लगाई भविष्यमा यसको महत्व बुझ्ने सबैलाई सहयोग पुऱ्याउने आशा लिएको छ ।

### १.४. अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. विद्यालय तहमा दिइने दण्ड र पुरस्कारको अवस्था पहिचान गर्नु ।

२. विद्यालय तहम दिइने दण्ड र पुरस्कारले शिक्षण सिकाइमा पारेको सकारात्मका र नकारात्मका अवस्था पत्ता लगाउनु ।

३. विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन गर्दा देखिएका समस्याहरु विश्लेषण गर्ने ।

४. विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन गर्दा आएका समस्याहरुको समाधानका उपायहरु सुझाउनु

### १.५. अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनलाई अगाडी बढाउनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएको थियो ।

१. विद्यालय तहमा शिक्षण सिकाइ गर्दा दण्ड र पुरस्कारका भुमिका कस्तो रहन्छ ?

२. दण्ड र पुरस्कारले बालबालिकामा नकारात्मक प्रभाव वा सकारात्मक प्रभाव कस्तो प्रभाव पार्छ ?

३. दण्ड र पुरस्कारले देखाएका समस्याहरुको समाधानका उपायहरु के के हुन सक्छन् वा कसरी समस्याहरु सुल्झाउन सकिन्छ ?

### १.६. अध्ययनको परिसीमा

हरेक अध्ययन अनुसन्धानका आ-आफ्नै सीमा हुन्छन् । प्रस्तुत अध्ययन विद्यालय तहकका दण्ड र पुरस्कारको व्यवस्थापन विषयमा आधारित रहेको छ । उपलव्ध सीमित स्रोत साधन, समय र आर्थिक स्थीतीलाई समेत ध्यानमा राखी यस अध्ययनको परिसीमा निर्धारण गरिएको छ । विद्यार्थीको शिक्षण सिकाइमा दण्ड र पुरस्कारको के स्थान हुने भन्ने विषयमा केन्द्रित रहेको थियो । यस अध्ययनको परिणामले सबै ठाउँमा प्रतिनिधित्व गर्न नसके पनि केही अङ्ग एउटा मार्गदर्शनका रुपमा ज्ञान उपलव्ध गराउन सक्नेछ । विद्यालय तहमा बालबालिकाको सिकाइमा दण्ड र पुरस्कारको व्यवस्थापनको बारेमा, त्यसले परेको सकारात्मक र नकारात्मक प्रभाव व्यवस्थापन गर्दा देखिएका समस्याहरु विद्यार्थी शिक्षक विद्यालय विद्यार्थी अभिभावक, शिक्षक अभिभावकको सम्वन्धबारे जानकारी गराउन सक्नेछ । खास यस अध्ययन सिन्धुली जिल्लाको लाम्पानटार गा.वि.स.मा रहेका ३ वटा सामुदायिक निम्नमाध्यमिक विद्यालयमा केन्द्रित रही उक्त ३ वटा विद्यालयका ८/८ जना विद्यार्थीका अभिभावक १/१ जना प्र..अ शिक्षक शिक्षिका ६/६ जना र छनोटमा परेका विद्यार्थीका ८/८ जना विद्यालयका शिक्षक एवं विद्यार्थीहरुमा सीमित गरिएको थियो ।

### १.७. सम्बन्धित शब्दको परिभाषा

नि.मा.वि. : छनोट गरिएका सरकारी ६-८ सम्म चलेका निम्न माध्यमिक विद्यालयहरु दण्ड कक्षा कोठा भित्र शिक्षकद्धारा दिइने शारीरिक एवम् मानसिक दण्ड वा कुकार्य ।

पुरस्कारः कुनै पनि विद्यार्थीले प्रगति गरे वापत दिइने हौसला वा उत्प्रेरणा ।

अध्ययन अध्यापनः निम्न माध्यमिक विद्यालयको कक्षाकोठामा गरिने शिक्षक र १ विद्यार्थी वीचको शिक्षण क्रियाकलाप ।

**सम्बन्धित पक्षः** विद्यार्थी शिक्षक, प्रधानाध्यापक, अभिभावक ।

क्षे.शि.नि. : क्षेत्रिय शिक्षा निर्देशानलय ।

जि.शि.का. : जिल्ला शिक्षा कार्यालय ।

सरोकारवाला : विद्यार्थी, शिक्षक प्रधानाध्यापक तथा अभिभावक लगायत शिक्षक सम्वन्धी थप चासो राख्ने ।

प्रभावः दण्ड र पुरस्कारले विद्यार्थीको दैनिक उपस्थिति शिक्षक विद्यार्थी सम्वन्ध विद्यार्थी विद्यार्थी सम्वन्ध विद्यार्थीहरुको उपलव्धी शिक्षण सिकाइ रुची आदिलाई प्रभाव भनिन्छ ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन गर्न लागिएको विषयमा यस अगाडी कुनै व्यक्ति संस्था वा निकायबाट शोध अध्ययन भएको वा नभएको भएको भए शोध अध्ययनले जानकारीमा ल्याएका तथ्यपूर्ण कुराहरु के के हुन् ? उक्त अध्ययनले प्रकाशमा ल्याउन नसकेका विषयवस्तुहरु के के हुन् ? सो अध्ययनको विषयसँग सम्वन्धित लेख रचना राय नियम आदिका विषयमा समीक्षा गर्ने विश्लेषण गर्ने पुनरावलोकन गर्ने कार्य नै पूर्व कार्यको पुनरावलोकन हो । यसबाट शोध अध्ययनकर्तालाई अध्ययनको विषयको गहनता र महत्व बोध गर्न सहयोग पुग्दछ । यस अध्ययनको शीर्षकसँग केही हदसम्म सम्वन्धीत पूर्वकार्य अध्ययन स्रोतको अध्ययन गर्दा विभिन्न व्यक्तिहरुले पुरस्कार र दण्डको बारेमा निम्न धारणा राखेका छन् । यस अध्ययनसँग सम्वन्धित पूर्व साहित्यको समीक्षा निम्नानुसार गरिएको छ ।

घिमिरे (२०६६) अभिभावक तथा शिक्षकबाट बालबालिकाहरु किन दण्डित हुन्छन् ? बालबालिकाहरुलाई शिक्षित तथा सभ्य बनाउन अनुशासन आवश्यक भएको पाइयो । बालबालिका माथि शासन लादेर दण्ड दिएमा बालबालिकामा सकारात्मक असर पर्नुको सट्टा नकारात्मक असर पर्दछ भन्ने कुरामा अभिभावक तथा शिक्षकहरु सचेत हुनु पर्ने बालकलाई भौतिक तथा मानसिक हानी नहुने गरी अनुशासनलाई उपयोग गर्नुपर्दछ । अधिकांश शिक्षक तथा अभिभावकहरु अनुशासन तथा दण्ड एउटै कुरा हो भनेर उपयोग गर्ने गरेको पाइयो । तर वास्तविक के हो भने जहाँ दण्डको आधारमा बालबालिकालाई अनुशासनको शिक्षा दिइन्छ । त्यहाँ त्यसले उनीहरुलार्य बिगारि रहेको हुन्छ । दण्डको आधारमा बालबालिकाहरुलाई अनुशासन सिकाउनु भनेको शक्तिको दुरुपयोग तथा अधिकार सम्भिmनु हो । बालवालिकाहरुलाई दिइने शारीरिक तथा मानसिक दण्ड संसाका प्रायः जसो राष्ट्रहरुको साझा समस्या रहेको छ । बालबालिकालागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न गोष्ठी,सेमिनार,सम्झौता नियम आदि संचालन भइरहेका छन् । तर एउटा बालक हरेक स्थानमा दण्डित भइरहेका हुन्छ । जस्तै घरमा, स्कुलमा कार्य गर्ने स्थानमा छिमेकीमा बालअधिकारका नाराहरु भाषणहरु NGO/INGO हरुले कसरी बालदण्ड रोक्ने भने उद्देश्यमा

संचालन भएर पनि दण्ड यर्थात छ । संसारका बालबालिकाहरु अनुशासित बन्नको नामा दण्ड भोगीरहेका छन् (घिमिरे २०६०) ।

माथि उल्लेखित कुराहरुबाट के भन्न सकिन्छ भने दण्ड सम्बन्धी विभिन्न नियम कानुन शिक्षा नियमावली,विभिन्न संघसंस्थाहरुले दण्ड दिनु अनुचित र जघन्य कार्य हो । जसले सकारात्मक भन्दा नकारात्मक प्रभाव बढी पार्दछ भन्ने कुरा उल्लेखित गरेपनि नियमकानुन बनाए पनि वर्तमान समयसम्म आउँदा पनि व्यवहारमा लागु हुन सकिरहेको छैन जसले गर्दा बालबालिकाहरु दण्ड भोग्न बाध्य छन् जुन नराम्रो कार्य मान्न सकिन्छ ।

सेरिड (१९९१) का अनुसार तनावपूर्ण वातावरण शिक्षण गरेको खण्डमा धेरै विद्यार्थीहरुले पढ्न छोडेको समस्या देखिन्छ । शिक्षकहरुद्वारा विद्यालयमा दिइने दण्डले विद्यार्थीहरुले शिक्षक तथा विद्यालयप्रति नकारात्मक धारणाको विकास हुने गर्दछ । जसको कारण विद्यालय जान नमान्ने कक्षामा डरले चिन्तित हुने सृजनात्मक पक्षको विकास नहुने हुन्छ । कक्षाकोठामा दण्डलाई अनावश्यक भएको ठहर गरिएको पाइएको छ । जसलार्य निरुत्साहित तथा कम गर्न शिक्षकहरुले विभिन्न दण्डरहित विधि तथा प्रविधिको प्रयोग गर्नुपर्ने कुरा उल्लेख भएको पाइन्छ (सेरिड, १९९१) ।

सिकाइ दण्डमुखी नभई पुरस्कारमुखी र हौसलामुखी हुन जरुरी छ । जसले उनीहरुको शिक्षण सिकाइ बालमैत्री वातावरणमा भई नकारात्मक धारणाको विकास नभई सकारात्मक धारणाको विकासमा टेवा पुग्न सकोस् ।

बोहोरा (२०६५) का अनुसार प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको अवस्था भन्ने शोधपत्रमा विद्यालयमा विद्यार्थीहरुलाई दण्ड दिनु प्र.अ. तथा शिक्षकहरु अभिभावकहरुको अनुचित कार्य हो । त्यसकारण शिक्षकले शिक्षण गर्दा दण्डको आवश्यकता नभएको कुरा उल्लेख गरिएको छ । साथै कुनै पनि व्यक्तिले गरेको कार्यप्रति खुशी भएर उसलाई थप हौसला दिने गरी दिइने मनोभावनागत पुरस्कार शब्दिक व्यवहार प्रदान गरिने धन्यवाद गरिनेधन्यवाद स्यावास धेरै राम्रो राम्रो अझै प्रयास गर भन्ने शरीरमा हात राखी धाप मार्ने, माया, ममता गर्ने जस्ता बोलीबचन तथा व्यवहारलार्य मनोबैज्ञानीक हिसावबाट बलियो पार्ने कुरा नै साक्षी र पुरस्कार हो (बोहोरा, २०६५) ।

बालबालिकालाई दण्डमुखी शिक्षण गर्नुपर्छ भन्ने कुरा उल्लेख हुँदाहुदै पनि दण्ड दिइन्छ । वास्तवमा भन्ने हो भने दण्ड दिनु अनुचित कार्य नै हो । बालबालिकाहरुको व्यक्तिगत,सामाजिक मनोवैज्ञानिक हिसाबबाट बोलीचाली तथा व्यवहारको विकास गर्न दण्ड होइन पुरस्कार शक्तिशाली र वलियो माध्याम हो ।

थर्नडाइक (१९३०) पुरस्कारले व्यक्तिलाई सन्तुष्टि प्रदान गर्दछ भने दण्डले असन्तुष्टि पैदा गर्दछ । पुरस्कारले मानिसलाई निरन्तर कार्यमा लागि रहन मद्दत पुऱ्याउँछ । दण्डले सिकाइको नकारात्मक व्यवहारलाई कम गर्न र सही व्यवहार निर्माणमा सिकाइको व्यवहार परिवर्तन गर्न दण्डले पनि उत्तिकै भूकिका खेल्दछ तरपनि दण्डको भन्दा पुरस्कारको प्रभाव बढी हुन्छ । तसर्थ सिकाइमा दण्डको भन्दा पुरस्कारको धेरै प्रभाव पर्दछ । जसले शिक्षण सिकाइ क्रियाकलापलार्य सक्रियतापुर्वक सहभागी बनन उत्साही गराउने, सिकाईलाई दिगो बनाउन प्रमुख भूमिका रहेको हुन्छ (खनाल, २०६६) ।

बालबालिकाको हरेक क्रियाकलापमा दण्ड भन्दा पुर्नवलको बढी भूमिका रहने गर्दछ । उसको शिक्षण सिकाइ क्रियाकलाप सक्रियता साथ सहभागी बनाउन दिर्घकालीन रुपमा दिगो बनाउन दण्ड भन्दा पुरस्कारको भूमिका अग्रीम रहेको स्पष्ट छ जसमा पुरस्कार आर्थिक नभई भौतिक मनोवैज्ञानिक उत्प्रेरणात्मक पनि हुन सक्छ ।

सेभ द चिल्ड्रेन (२००९) का अनुसार सजायले बालबालिकामा सकारात्मक प्रभाव परेको छ । सजायले बालबालिकाको शारीरिक मानसिक सामाजिक ताथ ज्ञानात्मक विकासमा असर परिरहेको छ । अतः सजायप्रतिको अवधारणात्मक स्पष्टत र दण्डरहित भयरहित शिक्षण विधिबारे या शिक्षकहरुलार्य निपूर्ण बनाउनु पर्दछ । पुरस्कृत गरेर बालबालिकामा सकारात्मक प्रभाव पार्दछ । तसर्थ पुरस्कृत गर्नेलाई खर्च गरे पनि कुनै पनि चीज वस्तु दिनुपर्दछ भन्ने छैन । विद्यार्थीहरुलाई स्यावासी धन्यवाद प्रशंसा ठूलो प्रभाव पार्ने हुँदा हरेक विद्यार्थीलाई स्यावासी, धन्यवाद प्रशंसाले ठूलो प्रभाव पार्ने हुँदा हरेक विद्यार्थीलाई स्यावासी दिने प्रशंसा गर्ने तथा विद्यार्थीहरुमा सकारात्मक कुरामा जोड दिनुपर्दछ । यो कुरा शिक्षकहरुले आत्मसात् गर्नसकेमा सकारात्मक परिवर्तन हुन सक्दछ (सेभ दचिल्ड्रन, २००९)

दण्डमुखी सिकाइले बालबालिकाको हरक विकासमा असर परिरहेको हुन्छ । त्यसकारण शिक्षकहरुलाई विभिन्न सजाय दण्ड भयरहित शिक्षण विधि अवलम्वन गरी

शिक्षण गर्नको लागि तालिमको व्यवस्था गरी बाल मनोविज्ञान अनुसार शिक्षण गर्न अभिप्रेरित गर्नुपर्ने देखिन्छ ।

नेपाल, (२०६६) का अनुसार सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन भन्ने शोधपत्रमा संस्थागत शिक्षकहरुले व्यावलभ र स्किलरको सिकाइको सिद्धान्त विद्यार्थी आदत तथा अनुशासनको सिकाइमा र विद्यार्थीलाई प्रोत्साहन गरी शिक्षण गर्ने गरेको उल्लेख छ । तर सामुदायिक विद्यालयमा शिक्षकहरुले व्यावलभ र स्किलरको सिकायको सिद्धान्त विद्यार्थी आदत तथा अनुशासनको सिकाइमा र विद्यार्थीलाई प्रोत्साहन गरी शिक्षण गर्ने गरेको उल्लेख छ । तर सामुदायिक विद्यालयमा शिक्षकहरुले भने व्यावलभ र स्किनरको सिद्धान्त विद्यार्थीहरुलाई अनुशासनमा राख्न खराव आदत हटाउन र प्रोत्साहन गरी पढाउन प्रयोग गर्न नसकेको र पुरस्कारको प्रयोग गर्दै नगरेको पाइयो । सामुदायिक विद्यालयका शिक्षकहरु विद्यालयमा नियमित नहुने मेहनत गरेर नपढाउने कक्षा प्रवेश नगर्दा पनि दण्ड नदिने गरेको त्यसैगरी विद्यालयमा नियमित हुने मेहनत गरेर पढाउने इमान्दार र योग्य शिक्षकको पनि सहि मूल्याङ्कननहुने प्रशंसा तथा पुरस्कारको व्यवस्था नभएकोले उनीहरुमा निरासा भएर मेहनत गर्न छोडी शिक्षण सिकाइ कमजोर भएकोले विद्यार्थीको नतिजा पनि कमजोर आएको कुरा उनको निष्कर्ष पाइएको छ (नेपाल, २०६६) ।

माथि उल्लेखित समीक्षाबाट के भन्न सकिन्छ भने विद्यालयमा विद्यार्थीहरुलाई विद्यालयको नीति नियमको पालना गर्ने कुरातिर अभिप्रेरित गर्नुपर्ने देखिन्छ । साथै मेहनत गरी पढाउने शिक्षकको कदर गरी झन उत्साहित गर्ने र मिहिनेत नगर्ने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरी सिकाइप्रति उत्प्रेरणा जगाउने कार्य शिक्षकले गर्नुपर्ने देखिन्छ ।

शर्मा र ढकाल (२०६७) को शिक्षक पत्रिकाको लेखमा म एक विशुद्ध शिक्षकमा विद्यार्थीलाई आफ्नो ठानेर शिक्षण गर्दा राज्यले दिने सुनको जलप लगाएको भौतिक वस्तुभन्दा शिक्षकको स्याबासीले पुरस्कृत गरेमा विद्यार्थीको प्रगति हुन्छ तर विद्यार्थीहरुलाई दण्ड दिनै हुँदैन भन्ने कुरामा आंशिक सहमति राखे पनि पुरस्कार सर्वमान्य हुन्छ । उनले भनेका छन् दण्ड र पुरस्कार दुबैको प्रयोग गर्नु उपयुक्त हुन्छ (शर्मा र ढकाल, २०६७) ।

दण्डले सकारात्मक कुराको बोध गराउँछ भने सुधारमुखी र सचेतात्मक किसिमले दण्ड दिनु उपयुक्त ठानिए पनि पुरस्कार जति प्रभावकारी त हुँदैन तरपनि कहिलकाहीँ दण्ड

र पुरस्कार दुवै दिन सकिन्छ ताकि दण्डले नकारात्मकभन्दा सकारात्मक पक्षलाई बढी समेट्न सकोस् ।

जोशी (२०६५) का अनुसार प्रा.वि. तहमा शिक्षकको पेशागत दक्षतामा विद्यार्थीको सक्रियता बढाउन प्रोत्साहनमा जोड दिनुपर्छ जसको कारण विद्यार्थीमा सिक्ने जिज्ञासा बढ्छ । अझै राम्रो गर्न सक्दछन् । गृहकार्य तथा कक्षाकार्य राम्रो गरेमा राम्रो धेरै राम्रो अति राम्रो आधा सहि हुँदा ठिक छ भन्ने तर अलिकति मात्र मिलाएपछि राम्रो गर,अलि कोशिस गर भनि पूनर्वल सहित शाब्दिक पुरस्कारले हौसला बढाउने तर यति सजिलो पनि आउँदैन १०,२० औं पटक सिकाउँदा पनि नजान्ने भनी हतोत्साहित हुने गरी हप्काउनु हुँदैन तर गृहकार्य दिँदा ठिक र सहज हुने गरी दिनुपर्दछ । दण्ड सजाय दिँदा सुधारात्मक तथा विद्यार्थीको स्वाभीमानमा आँच नआउने गरी तथा साथीहरुको अगाडी लज्जास्पद हुने तरिको दण्ड दिनुहुदैन यसरी घातक हुने गरी दिएको दण्डबाट विद्यार्थीहरुले पढ्न छोड्छन् भन्ने प्राप्ती निष्कर्ष र सुझाव पेश गरिएको छ (जोशी, २०६५) ।

माथि उल्लेखित समीक्षानुसार के भन्न सकिन्छ भने शिक्षकको पेशागत दायित्व बोध गराइ विद्यार्थी सक्रियता बढाउन प्रोत्साहनमुखी सिकाइ गर्नु नै उपयुक्त देखिन्छ । साथै विद्यार्थीको मनोविज्ञान स्वाभीमानमा आँच नआउने गरी सुधारमुखी दण्ड दिनुपर्छ जसले उसलाई घातक होइन प्रेरित गर्न सकोस् ।

आचार्य (२०६६) हाम्रो विद्यालयमा दण्ड र पुरस्कारको अवस्था कस्तो छ? भन्न लेखमा विद्यालयमा दण्ड पनि आवश्यक छ ताकि त्यो दण्डले नोक्सान भन्दा नाफा पुगोस् । जे जति दण्डको व्यवस्थाबाट शिक्षण गर्नु उपयुक्त हुँदैन ? तर नीजि विद्यालयमा ९० प्रतिशत जति दण्ड र १० प्रतिशत पुरस्कारमुखी प्रक्रिया अपनाएर शिक्षण गरेको पाइन्छ । शिक्षकले विद्यार्थीलाई दिएको यातनाबाट नै विद्यार्थीले विद्यालय छाडेका घटनाहरु छन् तर पुरस्कार दिएर विद्यार्थी विद्यालय जान्छु भनेका रेकर्डहरु पाउने कमै देखिन्छ । पुरस्कार विद्यार्थीको हौसला भएकोले यसलाई तदारुकतासँग अँगाल्नु पर्दछ । तर पुरस्कारलाई अँगाल्ने नाममा पक्षपातपूर्ण व्यवहार नगरी सही क्षेत्रबाट प्रवेश गर्नु पर्नेमा सबैको ध्यान जानु आवश्यक छ (आचार्य, २०६६) ।

यसरी माथि उल्लेख गरिएका विभिन्न भनाइहरुबाट विद्यालय तहमा दण्ड र पुरस्कारको अवस्थालाई हेर्दा दण्डभन्दा पुरस्कारले शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक भूमिका

खेल्दछ । त्यसकारण आफ्ना बालबालिकाहरुलाई अभिभावकले हौसलापूर्ण तरिकाको राम्रो वातावरणको सिर्जना गरिनुपर्दछ । अधिकांश समय घरपरिवारमा बिताउने भएकाले बालबालिकालाई नराम्रो कुरा नगरी राम्रो बाटोतिर लगाई विद्यालय पठाउनु पर्दछ । विद्यालयमा पनि शिक्षकले सिकाइ क्रियाकलाप गर्दा विद्यार्थीलाई सहज वातावरण दिई उनीहरुको संकोच, डर, त्रास, भयबाट मुक्त भई सहज तरिकाबाट ज्ञान आर्जन गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । जसले सिकाइ दीर्घकालीन हुन सकोस् । विद्यालयलाई बालमैत्री बनाउन, दण्डरहित बनाउन, शिक्षक विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थी समेत बसी छलफल गरी सहज वातावरण तयार गर्न अनिवार्य देखिन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययन कार्यलाई निचोडमा पुऱ्याउनु पूर्व स्वीकृत सिद्धान्तको सहयोग लिनुपर्दछ । यो एउटा जटिल कार्य हो, यसरी सिद्धान्तमा आधारित कुनैपनि नयाँ तथ्यहरु विश्वसनीय र वास्तविक हुन्छन्, तसर्थ, मैले आफ्नो शोध अध्ययनको लागि निम्न सिद्धान्तलाई आधार मानेको छु ।

स्किनर (१९३०) ले सिकाइ हुनका लागि उत्तेजना पुनर्बल हुनुपर्दछ र त्यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाउँदै सिकाइ प्रक्रियालाई सफल पार्न यसको मुख्य उद्देश्य हो उनले कार्यपरक व्यवहार र प्रतिक्रियापरक व्यवहार गरी २ किसिमका व्यवहारहरु प्राणीहरुले गर्ने भनी उल्लेख समेत गरे । यहाँ कार्यपरक भनेको कार्य भएकाले प्राणीले गर्ने थुप्रै कार्यहरु हुन जसको कारणबाट प्राणी कुनै न कुनै काम गर्न सक्षम हुन्छ । हो प्राणी काम सिक्न सक्षम हुन्छ । क्रियाशील हुन्छ , जस्तो परीक्षामा उत्तीर्ण हुन नजान्नेको विषय जान्नमा विद्यार्थी सक्रिय हुन्छ । स्किनरले व्यवहारपरक सिद्धान्तका लागि थुप्रै प्राणीमा प्रयोग जसमा भोको मुसालाई ध्वनिरहित बाकस निर्माण गरी प्रयोग गरिएको थियो । भोको मुसा बाकसभित्र घुमेपछि लिभर थिचिन्छ । त्यसपछि खाना प्राप्त गर्दछ । यो कार्य पटक पटक गरेपछि मुसालाई खानाको पुरस्कार दिइन्छ र मुसो लिभर थिच्ने कलामा सिपालु हुन्छ । मुसाले बाकसभित्र गर्ने क्रियाकलाप व्यवहारपरक कार्य र उसले भोका, तिर्खा, खाना, पानी पुनर्बल हो । त्यसैगरी विद्यार्थीहरु पनि कुनै कुरा सिक्नका लागि व्यवहार निर्माण आफ्नौ सक्रियतामा गर्न सक्षम हुनुपर्दछ (स्किनर १९३०) ।

विद्यालयको सम्पूर्ण वातावरण डर र बेखुशीले ग्रसित छ । विद्यार्थीमा नकारात्मक व्यवहारले सोचले अग्रणी स्थान ओगटेको छ । कानुनी रुपमा विद्यालय शारीरिक दण्डलाई निस्तेज गरिएको छ । तर पनि शिक्षकहरु विभिन्न प्रकारका दण्डहरुले प्रयोग गरिरहेको पाइएको छ । विद्यार्थीहरु डरका कारण, विद्यालय छाड्ने निरुत्साहित हुने हिनताबोध हुने, सिकाइमा बाधा शिक्षकहरुसँगको सम्बन्ध बिग्रने आदि हुने गर्दछ । अतः यस्ता नकारात्मक पक्षलाई हटाउन पुरस्कारको प्रयोग गरी कार्यमूलक सम्बन्ध सिकाइको अभ्यस्तताको आधारमा डर को निवारण गर्न सकिन्छ । विद्यार्थीलाई हरेक कुरामा सफलतामा पुऱ्याउन विद्यार्थीको विविधता पत्ता लगाई प्रत्येक व्यवहारका चरणमा योजनाबद्ध रुपमा पुरस्कार वा पुनर्बल प्रदान  गर्नुपर्दछ ।

वास्तवमा भन्नुपर्दा व्यवहारपरक सिकाइको सिद्धान्त भनेको मानवर जीवनका सामाजिक तथा व्यवहारिक क्रियाकलापहरुसँग संलग्न छ । यसै सिद्धान्तका आधारमा मानव जीवन सामाजिक क्रियाकलाप सिकिन्छ । राम्रा व्यवहार सिकी नराम्रा आदतहरु हटाइन्छ । शैक्षिक दृष्टिकोणबाट विश्लेषण गर्दा शिक्षाको क्षेत्रमा शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सिक्ने प्रक्रियामा तालिम लिने र दिने दुवै प्रणालीमा स्किनर माथिको सिद्धान्तलाई क्रान्तिकारी कदमका रुपमा मान्न सकिन्छ । शिक्षण राम्रो पार्न पुनर्बलन सही रुपबाट प्रयोग गर्न सक्नुपर्दछ । उत्तेजनाको नतिजा राम्रो भएमा मात्र सिकाइ सफल हुन सक्दछ । विद्यार्थीमा चाहेको व्यवहार ल्याउन शिक्षण सिकाइमा पुरस्कारको प्रयोग गर्न सकिन्छ । राम्रा व्यवहारको विकास गरी राम्रो व्यक्तित्व विकासमा यस सिद्धान्तले सहयोग गर्दछ । जस्तो शिक्षकले राम्रो पढाउनु र विद्यार्थीले राम्रो पढ्नु । यस सिद्धान्तअनुसार पुनर्बल तालिमको राम्रो अध्ययन गरी व्यक्तिको व्यवहार विकासका आधारमा प्रयोग गर्दा सिकाइ चाँडो र दीर्घकालीन हुन्छ । उक्त सिद्धान्तले दण्डले प्रयोग गर्नुहुँदैन । दण्डले व्यवहारलाई दबाएर राख्छ । तर पुरस्कारले सबै सकारात्मक व्यवहार ल्याउन सहयोग गर्दछ । त्यसैले शिक्षकको दण्ड होइन पुरस्कारको प्रयोग गरी शिक्षण गर्दा राम्रो हुन्छ । निष्कर्षमा भन्नु पर्दा शिक्षण प्रणालीलाई योजनाबद्ध बनाउन यस सिद्धान्तले ठूलो योगदान दिएको छ ।

थर्नडाइक (१९३०) प्रयत्न र भूल सिकाइको सिद्धान्तमा मुख्य कुरा दण्ड र पुरस्कारको भूमिकालाई मानिन्छ । कुनैपनि सिकाइको दण्डको तुलनामा पुरस्कारको भूमिका बलियो  हुन्छ । उनले सन् १९३० अगाडि सिकाइमा सन्तुष्टि र असन्तुष्टिका परिणामहरु

बराबर र विपरीत हुन्छ भनेका थिए तर पछि सिकाइमा पुरस्कार मात्र नभई दण्डले पनि प्रमुख प्रभाव पार्दछ भन्ने कुरा "Effect of Man end is more powerful than punishment" भन्ने भनाइ  छ । उनले सिद्धान्तमा उत्तेजना र प्रतिक्रिया बीचको Nateral connetom स्नायूको सम्बन्धमा आधारित छ । केही सम्बन्ध बलिया र केही कमजोर हुन्छन् । धेरै सयमसम्मको र धेरै संख्याको प्रयत्न वा कोशिसको सम्बन्ध बलियो हुन्छ । सफल प्रयत्नले सबै असफल दोषहरुलाई हल्लाउँछ र सन्तुष्टि भित्र्याउँछ । उनले जसको प्रयोग भोको बिरालोमा गरेका थिए । थर्नडाइकले उत्तेजना र प्रतिक्रियाको सम्बन्धबाट सिकाइ हुन्छ, सिकाइ प्रयत्न तथा भूलका उपज हो भनी प्रमाणित गरे (थर्नडाइक १९३०) ।

माथिको सिद्धान्तअनुसार प्रत्येक सिकाइमा नयाँ उत्तेजना, प्रतिक्रियाको सम्बन्ध स्थापना हुन्छ । सिकाइमा पुनर्बल धारणा, पुरस्कार र दण्डको आवश्यकता र महत्व सन्तुष्टि र असन्तुष्टिको अवस्था प्रयासको भूमिका, समान तत्वहरुको उपस्थिति, प्रभावको भूमिका, तयारीको अवस्था हुन आवश्यक छ । यस सिद्धान्तमा विभिन्न नियम (अभ्यासको नियम, तयारीको नियम, प्रभावको नियम) को अलग अलग प्रयोगको सट्टा उनको सिद्धान्त प्रयत्न तथा भूल सिकाइको समष्टि रुपमा मूल्याङ्कन गर्दा यसका प्रयोगहरु आफ्नै प्रकारमा र आफ्नै स्तरमा पाइन्छन् । यस सिद्धान्तअनुसार प्रयत्न गर गल्ती हटाउँदै जाउ अवश्य सफल हुनेछौं भन्नु सर्वमान्य कुरा हो ।

शिक्षकले आफ्नो शिक्षण कार्य दबाबमूलक नभई स्वतन्त्रमूलक रुपमा संचालन गर्नुपर्दछ । विद्यार्थीको प्रकृति र स्वभावअनुसार दिइने कक्षा कार्य, गृहकार्य पुरस्कारयुक्त भएमा त्यसको प्रभाव राम्रो हुन्छ । विद्यार्थीले गरेका गल्तीहरुलाई सुधार्न पटक पटक प्रयत्न गर्ने मौका शिक्षकले दिनु पर्दछ । सिकाइको प्रभावकारिताका लागि उत्तेजना र प्रतिक्रिया बीचको सम्बन्ध बलियो हुनुपर्दछ । जसले सिकेका कुरालाई पिछ्कालिन बनाउन सक्छ । शिक्षकले सिकारु तयारी नहुँदासम्म पर्खनुपर्दछ । शिक्षकले त्यस्ता अनुभवहरु विद्यार्थीलाई दिनुपर्दछ जसले तत्परताका लागि उत्साहित बनाउँछ ।

कस्तो सिकाइबाट विद्यार्थी सन्तुष्ट र असन्तुष्ट हुन्छन् । शिक्षकले बुझेर शिक्षण गर्नुपर्दछ अर्थात कस्तोमा पुरस्कार दिने, कस्तोमा दण्ड दिने राम्ररी बुझेर सिकाउनु पर्दछ । सिकाइमा पुरस्कारको राम्रो भूमिका हुन्छ भनी ख्याल गर्नुपर्दछ । जथाभावी रुपदण्ड र पुरस्कारको प्रयोग गर्नुहुँदैन । ठीक अवस्थामा पुरस्कार प्रदान गरी उनीहरुले गरेको गल्तीलाई हटाउन सहयोग गर्नुपर्छ । शिक्षकले विद्यार्थीले गरेका गल्ती देखाउँदै सुधार्न प्रयत्न

गर्ने प्रेरणा प्रदान गर्नुपर्दछ । समष्टिमा यस सिद्धान्तलाई 'अन्धो प्रयत्न र भूल' को सिकाइ भनिए तापनि नचाँहिदो संवेगहरु र हतास हुने प्रवृत्ति हटाई राम्रो अभ्यास, तत्परता र प्रभावलाई कायम राख्दा सिकाइ सफल हुन्छ भन्ने मान्यता राख्दछ ।

यसरी पुरस्कारले विद्यार्थीहरुको सिकाइलाई चाँडो सिक्न सहयोग गर्ने सिकाइप्रति चाख बढाउने गर्दछ । माथिका दुई ओटा सिद्धान्तको कुरा गर्दा विद्यालयमा दण्ड र पुरस्कारको अवस्थासम्बन्धी अध्ययन गरी दण्डबाट विद्यार्थीमा देखिने अवस्था र परेको प्रभाव तथा पुरस्कारबाट विद्यार्थीमा देखिने अवस्था र परेको प्रभाव नियाल्नु आवश्यक हुन्छ । कुन अवस्थामा दण्ड र पुरस्कार पाउँदछन् । कस्तो प्रकारको र किन पाउँछन्? र दण्ड र पुरस्कार प्राप्त गरेपछि विद्यार्थीमा के कस्तो प्रभाव परेको छ भन्ने कुरा थाहा पाउन स्किनर र थर्नडाइकका जस्ता मनोवैज्ञानिकहरुको सिद्धान्त अध्ययन गरी अधययन सिद्धान्तलाई पूरा गर्ने काम यस अध्ययनको मुख्य लक्ष्य हो ।

विद्यालयमा दिइने दण्ड विभिन्न प्रकारका हुने गर्दछन् । खासगरी शारीरिक तथा मानसिक रुपमा दिइने दण्डले उसको व्यक्तिगत जीवनका साथै सामाजिक रुपमा पनि प्रभाव पार्दछ । जसले विभिन्न शारीरिक, मनोवैज्ञानिक, सामाजिक, शैक्षिक समस्याहरु उत्पन्न गर्न सक्छ । बालबालिकालाई शिक्षण सिकाइ क्रियाकलाप गर्दा होस् जनुसुकै काम गर्दा उसलाई दिइने सम्मान, पुनर्बल, आर्थिक/भौतिक होस् या मौखिक तथा उत्प्रेरणात्मक जसले उसको शैक्षिक तथा अन्य क्रियाकलापमा केही हदमा नकारात्मक ल्याएपनि बढी सकारात्मक उपलब्धि हासिल गर्न उत्प्रेरित गरी सामाजिक शैक्षिक तथा मनोवैज्ञानिकतरि विकासमा सहयोग गर्दछ ।

### २.३ शैक्षिक उपादेयता

विद्यालय तहको शिक्षण सिकाइमा दण्ड र पुरस्कारको व्यवस्थापन शीर्षकमा केन्द्रित रही सिन्धुली जिल्ला लाम्पनटार गा.वि.स. अन्तर्गतका ३ ओटा विद्यालयमा उल्लेखित उद्देश्यमा रही गरिएको यस अध्ययनको शैक्षिक उपादेयताको सन्दर्भमा भन्नुपर्दा यो अध्ययनमा विशेष गरी शिक्षक र विद्यार्थीमा केन्द्रित रहेको छ । यसमा शिक्षकले विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलाप गर्दा कस्तो विधिको प्रयोग गरी दण्डमुखी तरिकाले शिक्षण गर्छ कि पुरस्कारमुखी शिक्षण सिकाइ गर्छ भन्ने कुरा खोतल्न खोजिएको छ । साथै बालबालिकाले

कस्तो वातावरण सिर्जना गरिदिंदा ज्ञान हासिल गर्न सक्छन् भन्ने कुराको जानकारी लिनु यसको उपादेयता हो ।

विद्यालय तहका बालबालिकामा दण्ड र पुरस्कार दिंदा उनीहरुमा पर्ने सकारात्मक प्रभाव वा नकारात्मक प्रभाव, उनीहरुको शारीरिक, मानसिक, मनोवैज्ञानिक उत्तेजनात्मक असरको बारेमा पनि जानकारी दिनु यसको प्रमुख भुमिका रहनेछ । साथै सामाजिक विकास, मनोवैज्ञानिक विकास, शैषिक उन्नतिमा के कस्तो परिवर्तन वा प्रभाव पर्छ भन्ने कुराको पनि जानकारी दिन्छ । बालबालिकाले दण्ड दिंदा भोग्नु परेका समस्या र चुनौतिको पनि यथार्थ चित्रण हुने आशा लिन सकिन्छ । साथै विद्यार्थीले कुन कुरालाई अपनाई शिक्षकले पढाउँदा चासो देखाउँछन् सिकाइ प्रभावकारी हुन्छ भन्ने कुराको जानकारी गराउनु र नयाँ नयाँ शिक्षण सिकाइ विधिको खोजीको लागि शिक्षकलाई सहयोगीको भूमिका निर्वाह गर्न सहयोग गर्ने आशा गर्न सकिन्छ । विद्यालयमा दण्ड दिंदा विद्यार्थीले झेल्नु परेका समस्या विद्यालय शिक्षकमा, अभिभावकमा परेको नकारात्मक प्रभावको आपसी सल्लाह गरी समाधान खोज्ने प्रयास गरिएको छ ।

विद्यालय तहमा सिकाइमा दण्ड र पुरस्कारको कस्तो भूमिका खेलेको छ भन्ने कुराको जानकारी लिनु र त्यसले बालबालिकाको सिकाइको स्तर कस्तो प्रकारको निर्धारण गरेको छ भन्ने कुरा पत्ता लगाउन यो अध्ययन गरिएको हो । साथै यो अध्ययन, विद्यालय शिक्षक, विद्यार्थी, अभिभावकमा बढी केन्द्रित रहने हुँदा विद्यालय शिक्षक सम्बन्ध, विद्यार्थी सम्बन्ध, शिक्षक अभिभावक सम्बन्धको बारेमा पनि अध्ययन गरिएको छ । अभिभावकले विद्यार्थीहरुलाई पढाउने, अध्ययन सामग्रीको व्यवस्था, पोसाकको व्यवस्था, उचित माया, ममता, स्नेह, उचित वातावरणको व्यवस्था गर्ने अभिभावकको दायित्व पूरा गरे नगरेको पनि जानकारी गराउने यस अध्ययनको मुख्य उपादेयता रहेको छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

कुनैपनि विषयका बारेमा अध्ययन अनुसन्धान गर्नुपर्दा निश्चित अध्ययन विधिको आवश्यकता पर्दछ जसले अनुसन्धान कार्यलाई निश्चित दिशाबोध गर्नुका साथै निष्कर्षमा पुग्न मद्दत गर्दछ । अनुसन्धानका प्रकारअनुसार तथ्याङ्क सङ्कलन विधि तथा साधनहरु फरक फरक रहेका हुन्छन् । गुणात्मक वा परिणात्मक अनुसन्धानमा कस्तो अनुसन्धान गर्ने हो सो अनुरुप नै विधिको छनोट गर्नुपर्दछ । तर यस 'प्राथमिक विद्यालय विद्यालयको अध्ययन अध्यापन कार्यमा दण्ड र पुरस्कारको व्यवस्थापन' शीर्षकलाई यसको प्रकृति हेरी गुणात्मक अनुसन्धान प्रक्रियामा गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

सामान्यतया अध्ययनबाट प्राप्त संरचनात्मक तथ्याङ्कलाई गणितीय वा तथ्याङ्कशास्त्रीय विश्लेषणका विधिद्वारा निष्कर्षमा पुगिने अनुसन्धानलाई परिमाणात्मक अनुसन्धान भनिन्छ भने अवस्था, घटना प्रक्रिया तथा समस्याहरुको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई वर्णन तथा विश्लेषण गरिन्छ भने त्यो गुणात्मक अनुसन्धान हो (खनाल, २०६७) । यो अनुसन्धान कार्यलाई पनि सम्पन्न गर्नका लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । गुणात्मक विधि भन्नाले कुनै अवस्था, घटना र समस्याको व्याख्यात्मक रुपमा अध्ययन गरी सूचना र तथ्याङ्क सङ्कलन गरिने एउटा विधि हो । यस अध्ययनलाई प्रभावकारी बनाउनको लागि वर्णनात्मक र विश्लेषणात्मक पद्दतिको अबलम्बन गरिएको छ । वर्णनात्मक पद्दतिअन्तर्गत उत्तरदातासँग विस्तृत विवरण अनुभव लिइएको छ । तसर्थ वस्तुस्थितिलाई गहिरिएर अवलोकन तथा अन्तरक्रियाको माध्यमबाट बुझ्ने प्रयास गरिएको छ । यसरी प्राप्त भएको तथ्याङ्क सङ्कलनको लागि सिन्धुली जिल्ला लाम्पनटार गा.वि.स.का ३ ओटा विद्यालयमा शोधकर्ता आफैं गई स्थलगत अध्ययन, सर्वेक्षण, प्रश्नावली तथा अवलोकनमार्फत प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

यसरी अध्ययनबाट प्राप्त तथ्याङ्कलाई क्रमबद्ध रुपले वर्णन गरी तुलनात्मक रुपमा विश्लेषण गरी अगाडि बढाइएको छ ।

### ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनोट

खासगरी अनुसन्धान गर्नेलाई जनसङ्ख्याको आवश्यकता पर्दछ किनकी जनसङ्ख्या तथा नमुनाको आधारमा यस कार्यलाई अगाडि बढाउन सजिलो हुने भएकोले जनसङ्ख्या छनोट गर्नुपर्ने हुन्छ, त्यसकारण प्रस्तुत अध्ययन सिन्धुली जिल्लाको लाम्पनटार गा.वि.स. अन्तर्गत पर्ने ३ ओटा विद्यालयहरुबाट प्रधानाध्यापक १/१ जना, शिक्षक ६/६ जना, विद्यार्थी ८/८ जना र प्रत्येक छनोटमा परेका विद्यार्थीका अभिभावकहरु गरी जम्मा ६९ जनालाई उद्देश्यमूलक नमुना छनोट गरी अनुसन्धान गरिएको छ ।

### ३.३ तथ्याङ्क सङ्कलन विधि तथा साधनहरु

तथ्याङ्क सङ्कलनका साधनहरु भन्नाले अनुसन्धान कुन माध्यमबाट के प्रयोग गरी गर्ने भन्ने कुरा उल्लेख नगर्दासम्म अध्ययन क्षेत्रमा जान गाह्रो हुने हुँदा अनुसन्धानकर्तालाई अनुसन्धान गर्न सजिलो हुने गरी साधन छनोट गर्नुपर्दछ । यस अध्ययनका लागि निम्न साधनहरु निर्माण गरी प्रयोग गरिएको छ ।

**अन्तर्वार्ता प्रश्नावली**

विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्थापन, अवस्था, शिक्षण सिकाइमा यसको असर तथा यसबाट उत्पन्न हुने समस्याहरु सम्बन्धी सरोकारवालाको धारणा बारे आवश्यक सूचना सङ्कलन गर्न छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरुको लागि छुट्टै प्रश्नावली तयार गरिएको छ । जसलाई अनुसूचीमा सूचिकृत गरिनेछ ।

**अवलोकन फारम**

छनोटमा परेका विद्यालयका शिक्षकहरुको अवलोकन फारमको माध्यमबाट कक्षा शिक्षण गर्दा शिक्षकले दण्ड र पुरस्कारको प्रकारहरु, विद्यार्थीहरुको प्रतिक्रिया जस्ता कुराहरु अवलोकन गरिनेछ । जसको लागि अवलोकन फारम अनुसूचीमा राखिएको छ ।

**अभिलेख अध्ययन**

छनोट  परेका विद्यालयहरुबाट दण्ड र पुरस्कार पाएका विद्यार्थीहरुको शिक्षण सिकाइ पछिको शैक्षिक उपलब्धी, उत्तीर्ण प्रतिशत, शैक्षिक स्थिति, भर्ना स्थिति आदि कुराको लागि प्रत्यक्ष रुपमा विद्यालय अभिलेखको अध्ययन गरिएको छ ।

**घटना अध्ययन**

छनोटमा परेका विद्यालयका विद्यार्थीहरु मध्ये सबैभन्दा बढी दण्ड र पुरस्कार पाउने विद्यार्थीहरु, प्रधानाध्यापक, शिक्षक र दण्ड नपाउने विद्यार्थीको सल्लाहमा एउटा विद्यालयमा १/१ जना गरी ३ जना विद्यार्थीहरुको घटना अध्ययन निर्देशनका लागि तयार गरिएको छ । जुन अनुसूचीमा देखाइएको छ ।

**३.४ तथ्याङ्कका स्रोतहरु**

अध्ययनका लागि विभिन्न तथ्याङ्कका स्रोतहरु आवश्यक पर्दछ । खासगरी तथ्याङ्कका स्रोतहरु प्राथमिक र द्वितीय दुई प्रकारका हुन्छन् । यी दुबै स्रोतको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**प्राथमिक स्रोत**

कुनैपनि अध्ययनलाई बढी विश्वसनीय तथा वैध गराउनका लागि प्राथमिक स्रोतको बढी आवश्यकता हुन्छ । प्राथमिक स्रोतहरु अवलोकन फारम, अन्तर्वार्ता,  प्रश्नावलीहरु लिएर सम्बन्धित क्षेत्रमा पुगेर प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकसँग अन्तर्क्रिया गरिएको छ ।

**द्वितीय स्रोत**

अध्ययनकर्ताले सम्बन्धित विद्यालयका विभिन्न वर्षका तथ्याङ्क विवरण, अभिलेख, नतिजा अभिलेख, घटना अभिलेख, परीक्षा अभिलेख, विभिन्न पत्रपत्रिका, पुस्तक, लेख, रचना आदिको अध्ययन गरी द्वितीय तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि सर्वप्रथम विभागीय प्रमुख तथा शोध निर्देशकले दिएको पत्र लिई प्रत्येक विद्यालयका प्र.अ.सँग भेट गरी पत्र दिइ प्र.अ. र शिक्षकहरुलाई सामुहिक रुपमा अध्ययनको बारे स्पष्ट पारी प्र.अ.बाट आवश्यक अनुमति लिएर विद्यार्थी र शिक्षकको छनोट गरिएको छ । त्यसपछि कक्षा शिक्षणमा अवलोकन फारमसहित प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन गरिएको छ । छनोट गरिएका प्र.अ., शिक्षक र विद्यार्थीहरुलाई प्रश्नावली भर्न लगाइएको छ भने अभिभावकलाई घरमै गएर अन्तर्वार्ता प्रश्नावली भर्न लगाइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनमा विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थापन भन्ने शीर्षकका लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कलाई सङ्कलन गरिनेछ । विभिन्न स्रोत र साधनबाट प्राप्त भएका तथ्याङ्क तथा जानकारीहरुलाई विश्लेषण गर्न वर्णनात्मक तरिकाको प्रयोग गरी सम्बन्धित तथ्याङ्कलाई स्पष्ट पारिएको छ । सम्बन्धित ठाउँमा गएर सरोकारवालाहरु (प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक) सँग निर्देशित प्रश्नको आधारमा अन्तर्वार्ता लिइनेछ । उनीहरुको सम्पूर्ण भनाइको आधारमा विश्लेषण गरिएको छ । अन्तमा उद्देश्यका आधारमा शीर्षक छनोट गरी कुनैलाई तालिकीकरण गरी तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या गरिएको छ ।

पुरस्कारबाट सिकाइ के कस्तो प्रभावकारी हुन्छ भन्ने प्रभाव वा उपलब्धि पूरा जानकारी प्राप्त गर्नको लागि समस्याको निराकरण गर्न नै यस शीर्षकलाई समस्याको रुपमा लिइएको छ ।

## परिच्छेद : चार

## तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

निम्न माध्यमिक विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थपन नामक शिर्षकका लागि दण्ड र पुरस्कारको अवस्था के कस्तो छ ? कुन प्रकारको दण्ड र पुरस्कार दिने गरिन्छ ? दण्ड र पुरस्कार किन दिइन्छ ? दण्ड र पुरस्कारले शिक्षण सिकाइमा कस्तो प्रभाव (सकारात्मक नकारात्मक) पर्दछ ? दण्ड र पुरस्कार सम्वन्धी सरोकारवालाहरुको धारणा के थियो दण्ड र पुरस्कार व्यवस्थापन गर्न देखिएका समस्याहरु के क रहेको छ भने मुख्य उद्देश्यका साथ छनोटमा परेका विद्यालय श्री मा.वि. वाङरिङ्ग फेदी लाम्पानटार-२,सिन्धुली, श्री मा.वि. लंगुरडाँडा सिन्धुली, श्री मा.वि. ढुग्रे अवल सिन्धुली गरी जम्मा ३ वटा विद्यालय प्रधानाध्यापक शिक्षक र विद्यार्थी र अभिभावकसँग गहन रुपमा छुट्टा छुट्टै अन्तरवार्ता, प्रश्नावली तयार गरी प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन विशेष गरी वढी दण्ड पाउने विद्यार्थीको घट्ना अध्ययन र रेकर्ड अध्ययनबाट प्राप्त सूचना तथा जानकारीहरुलाई विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.१. विद्यालयमा दण्ड र पुरस्कारको अवस्था

विशेष गरी बालवालिकाहरुको सर्वाङ्गिण विकासको लागि बाबुआमा, दाजुभाई घरपरिवार,छरछिमेक र समाजको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्योभन्दा पनि बढी महत्वपूर्ण भुमिका विद्यालयको रहने गर्दछ । त्यसकारण पनि विद्यालयलाई बालबालिकाको अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी सर्वाङ्गीण विकास गराउने साझा थलोको रुपमा लिने गरिन्छ । विद्यालयले शिक्षाका आधारभूत तथा मनोवैज्ञानिक सिद्धान्तहरु, नियम आचरणहरु विशेषता तथा प्रविधिको उपयोग गरी शिक्षण सिकाईलाई अर्थपूर्ण प्रभावकारी एवम् उद्देश्यमूलक बनाउ सक्षम हुनु अहिलेको आवश्यकता हो । तर हाम्रो जस्तो गरिव र विकासन्मुख देशमा शिक्षाको स्थिती नाजुक रहेकोले हरेक ग्रामिण विद्यालयमा, भौतिक सामग्रीको अभाव तालिम प्राप्त शिक्षकको अभाव, शिक्षहरुलार्य सेवा सुविधाको अभाव सहित विद्यालयमा विद्यार्थीको संख्या विद्यालयको क्षमताभन्दा बढी रहेको छ । शिक्षकमा मनोविज्ञानको कमी मात्र होइन शैक्षिक योग्यताको पनि कमी देखिन्छ । जसले गर्दा विद्यालयमा शिक्षाको गुणस्तर निकै खस्किदो छ । वर्तमान समयमा पनि हाम्रो देशको

विद्यालयहरुमा बालबालिकाहरुमाथि उचित व्यवहार वालमनोविज्ञान अनुरुपको सिकाई तथा बालमैत्री विद्यालय वातावरण नभएर पुरानै शैली अनुरुप नै पठनपाठन कार्य संचालन हुँदै आएको पाइन्छ ।

निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्थपन छनोटमा परेका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक शिक्षक विद्यार्थी तथा अभिभावकबाट प्राप्त गरिएको सूचना प्रतिक्रिया लगायत प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा  गरिएको कक्षा शिक्षण अवलोकन विशेष गरी दण्ड पाएका विद्यार्थीमा गरिएको घटना अध्ययनबाट प्राप्त जानकारीहरुलाई (दण्ड र पुरस्कारको ) अलग-अलग रुपमा विश्लेषण र व्याख्या गरिन्छ ।

### ४.१.१ दण्डको अवस्था

दण्डको अवस्था सम्वन्धी विभिन्न प्रतिक्रियाको लागि ३ वटा विद्यालयका प्र.अ. शिक्षक,विद्यार्थी र अभिभावकसँग अन्तरवार्ता लिइएको थियो ।जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १**

**विद्यालयमा दण्डको अवस्था**

| क्र. सं. | विवरण | प्र.अ. (३) | शिक्षक (१८) | विद्यार्थी (२४) | अभिभावक (२४) | जम्मा (६९) |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा सधै ढिलो आएमा, विद्यालयमा विध्वंसात्मक कार्य गरेमा कक्षा कार्य र गृहकार्य कहिल्यै नगरेमा कापी किताव र कलम नलिइ विद्यालय आएमा | ३ | १० | १३ | २० | ४६ |
| २ | विषयवस्तुप्रति ध्यान नदिएमा कक्षामा बढी हल्ला गरेमा कक्षामा कम उपस्थित भएमा प्रश्न सोध्दा नजानेमा विद्यालयमा पढ्नमा कमजोर भएमा | | १५ | १८ | | ३३ |
| ३ | शिक्षकले भनेको नमानेमा कक्षा नियन्त्रण गर्न कक्षामा अनुशासित तथा शान्त राख्न | | | १६ | २२ | ३८ |

स्रोत: स्थलगत अध्ययन ,२०६९

माथिको तालिकानुसार प्र.अ. शिक्षक, विद्यार्थी र अभिभावकलाई एउटै तालिकामा राखेर हेर्दा क्रमशः यसरी विश्लेषण गरिन्छ ।

विद्यालयमा विध्वासात्मक कार्य गरेमा,विद्यालय सधै ढिलो आएमा कक्षा कार्य तथा गृहकाय कहिल्यै नगरेमा र कापी किताव नै नलिएर विद्यालय आएमा प्रधानाध्यापकले दण्ड दिने गरेका कुरा ३ वटै विद्यालयका सबै प्रधानाध्यापक १० जना शिक्षक १३ जना र २० जना अभिभावकको प्रतिक्रिया पाइयो । त्यसैगरी विषयवस्तुमा ध्यान नदिएमा कक्षामा बढी हल्ला गरेमा कक्षामा कम उपस्थिति भएमा शिक्षकले प्रश्न सोध्दा नजानेमा पढ्नमा कमजोर भएमा दण्ड दिने गरेको सबै विद्यालयमा १५ जना शिक्षक २२ जना विद्यार्थीको भनाई थियो भने यसमा प्र.अ. र अभिभावकको कुनै प्रतिक्रिया पाइएन । फेरी शिक्षकले भनेको नमानेमा कक्षा नियन्त्रण गर्न, कक्षा अनुशासित र शान्त राख्न दण्ड दिने गरेको १८ जना शिक्षक १४ जना विद्यार्थीबाट प्रतिक्रिया पाइयो भने प्र.अ. र अभिभावकको कुनै प्रतिक्रिया पाइएन ।

माथिल्लो तालिकालाई स्पष्ट रुपमा विश्लेषण गर्ने हो भने कुनै पनि विद्यालयमा विध्वासात्मक कार्य गर्ने विद्यालय ढिलो आउने कक्षाकार्य, गृहकार्य नगर्ने बढी होहल्ला गर्ने कापी कलम किताव नलिएर विद्यालय आउने कक्षामा उपस्थित कम हुने विषयवस्तुप्रति चासो नराख्ने विद्यालयमा नराम्रो काम गर्ने शिक्षकले भनेको नमाने विद्यार्थीलाई दण्ड दिने गरिएको प्रतिक्रिया प्र.अ. र शिक्षकबाट आयो, शिक्षकले भनेको नमानेमा, कक्षा नियन्त्रण, शान्त र अनुशासित राख्दा दण्ड पाउने गरेको प्रतिक्रिया शिक्षक र विद्यार्थीबाट पाइयो । निचोडमा यसलाई के भन्न सकिन्छ भने खाली नराम्रो काम गर्नेलाई दण्ड दिनुभन्दा उसलाई हरेक क्रियाकलापबाट व्यहवहारमा परिवर्तन ल्याउने सम्झाउने प्रयास गर्नु र विद्यार्थीलाई नियन्त्रणमुखी नभई स्वतन्त्र रुपमा शिक्षण सिकाइ गर्न दिनुपर्दछ । साथै दण्ड दिनुभन्दा केही फरक ढंगले पुरस्कार दिएमा विद्यार्थीमा जोस जागर मेहनत र उत्प्रेरणा बढेर आउँछ भन्ने कुरा स्पष्ट देखिन्छ ।

**विद्यालयमा दण्डको प्रकार**

**तालिका २**

**विद्यालयमा शारीरिक दण्डवारे प्र.अ. शिक्षक विद्यार्थीको प्रतिक्रिया**

| क.सं | विवरण | प्र.अ. (३) | शिक्षक (१८) | विद्यार्थी २४ | अभिभावक २४ | जम्मा ६९ |
|---|---|---|---|---|---|---|
| १ | कान समातेर उठवस गर्न लगाउने उभ्याएर घण्टौ राख्ने, मुर्गा बनाउने । | 2 | | 16 | 19 | 37 |
| २ | चोटपटक लाग्ने गरी लठ्ठी डस्टरले हिर्काउने,कान तान्ने, आँखी भौ उखेल्ने,रौ तान्ने हातले पिट्ने चिमोट्ने एवम् एक अर्काको टाउको ठोकाउने,साथीलाई पिट्न लगाउने | 2 | | 11 | 12 | 25 |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिका ३ बाट के विश्लेषण गर्न सकिन्छ भने विद्यालयमा दण्डको प्रकारमा कान समातेर उठबस गर्न लगाउने, उभ्याएर घण्टौ राख्ने,मुर्गा बनाउने जस्ता शारीरिक दण्ड दिइन्छ भन्ने २ जना प्रधानाध्यापक, १६ जना शिक्षक र १९ जना विद्यार्थीहरुको प्रतिक्रिया पाइयो भने चोटपटक लाग्ने गरी लठ्ठी डस्टरले हिर्काउने, कान तान्ने, आँखी भौ उखेल्ने, रौं तान्ने, गालामा पिट्ने, चिमोट्ने एक अर्काको टाउको ठोकाउने र साथीलाई पिट्न लगाउने, २ जना प्र.अ. ११ जना शिक्षक र १२ जना विद्यार्थीहरुको प्रतिक्रिया पाइयो ।

उल्लेखित तालिका ४.३ लाई केलाउँदा प्रधानाध्यापक र शिक्षकले विद्यार्थीलाई समातेर उठबस गर्न लगाउने उभ्याएर घण्टौ राख्ने जस्ता शारीरिक दण्ड दिने गरेको पाइयो त्यस्तै चोटपटक लाग्ने गरी पिट्ने साथीलार्य पिट्न लगाउने जस्ता चोटपटक लाग्ने

प्रकारको दण्ड नदिएर आत्मानुभुति हुने किसिमका दण्डहरु वा नराम्रो काम सुधार गर्ने किसिमको सकारात्मक दण्ड दिनुपर्दछ ।

**तालिका ३**

**विद्यालयमा मानसिक दण्ड सम्वन्धी प्र.अ, शिक्षक विद्यार्थीको प्रतिक्रिया**

| क्र.सं | विवरण | प्र.अ. (३) | शिक्षक (१८) | विद्यार्थी २४ | अभिभावक २४ | जम्मा ६९ |
|---|---|---|---|---|---|---|
| १ | गाली गर्ने, झपार्ने, धम्क्याउने, कडा निर्देशन दिने,रेष्टिगेट गर्ने कक्षाबाट निकालेर घर पठाइदिने, तल्लो कक्षामा राखिदिने साथीको सामु लज्जित गराउने । | 2 | | 16 | 19 | 37 |
| २ | होच्याएर बोलाउने,निरुत्साहित गर्ने, गधा कुकुर, बादर भनी बोलाउने, अन्धो फुच्चे भनी नाम राख्ने । | 2 | | 11 | 12 | 25 |

स्रोत : स्थलगत अध्ययन,२०६९

माथिको तालिका अनुसार मानसिक दण्डवारे कडा निर्देशन दिने गाली गर्ने झपार्ने कक्षाबाट निकालेर घर पठाइदिने र रेष्टिगेट गर्ने जस्ता मानसिक दण्ड दिइन्छ भन्ने सबै विद्यालय जम्मा प्र.अ.मध्ये २ जना १५ जना शिक्षक र १४ जना विद्यार्थीको प्रतिक्रिया पाइयो भने होच्याएर बोलाउने, मुर्ख वदमा, गधा कुकुर बाँदर भनी नाम राख्ने जस्ता मानसिक दण्ड दिने भने प्रतिक्रिया १ जना प्र.अ. १३ जना शिक्षक र १८ जना विद्यार्थीको प्रतिक्रिया पाइयो । विद्यालयमा मानसिक दण्डको नाममा प्र.अ.ले विद्यार्थीलाई अनुशासनमा राख्न गाली गर्ने, झपार्ने, धम्क्याउने कडा निर्देशन दिने र विद्यार्थीलाई कक्षाबाट निकालेर घर पठाइदिने विभिन्न नाम उपनामले लज्जित र आत्मग्लानी हुने शब्द प्रयोग गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने जस्ता मानसिक दण्डको कारण विद्यार्थीहरुमा हौसलामुखी वा सुधारोन्मुख प्रगति नभएर विद्यार्थीमा निरुत्साहित, लज्जित भावनातिर

उन्मुख भई अध्यापन कार्यमा समेत बाधा पर्दछ । यसकारण शारीरिक वा मानसिक दुबै दण्डले विद्यार्थीको जीवनमा असर पर्ने हुँदा दुबै दण्ड विद्यार्थीको लागि राम्रो होइन भन्ने कुरा स्पष्ट हुन्छ ।

### ४.१.२ विद्यालयमा पुरस्कारको अवस्था

**तालिका ४**

**विद्यालयमा पुरस्कारको अवस्थाबारे प्र.अ. शिक्षक विद्यार्थी र अभिभावकको प्रतिक्रिया**

| क्र.सं | विवरण | प्र.अ. (३) | शिक्षक (१८) | विद्यार्थी (२४) | अभिभावक (२४) | जम्मा (६९) |
|---|---|---|---|---|---|---|
| १ | पढाइमा उत्कृष्ट (प्रथम ,द्धितिय, तृतीय) भएमा अरिक्त क्रियाकलापमा उत्कृष्ट (प्रथम द्धितिय, तृतिय) भएमा | 2 | | 16 | 19 | 37 |
| २ | सधै कक्षा कार्य र गृहकार्य गरेमा शिक्षकले भनेको मानेमा कक्षामा अनुशासित भएमा, सधै ठिक समयमा विद्यालयमा आएमा प्रश्नावलली सोधेको जानेमा । | 2 | | 11 | 12 | 25 |
| ३ | सफासुग्घर भएमा कक्षामा अनुशासित भएमा | 2 | 15 | 15 | 0 | 32 |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिकामा पुरस्कारको अवस्थाबारे,प्र.अ.,शिक्षक,विद्यार्थी र अभिभावकको प्रतिक्रिया यस्तो रहेको छ ।

पढाइमा उत्कृष्ट (कक्षामा प्रथम, द्वितीय, तृतीय) र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा ३ वटा विद्यालयका सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकको प्रतिक्रिया पाइयो भने सधै गृहकार्य कक्षा कार्य गरेमा शिक्षकले भनेको मानेमा ठीक

समयमा विद्यालय आएमा प्रश्न सोधेको जानेमा पुरस्कार पनि दिने प्रतिक्रिया ३ जना प्र.अ., १६ जना, शिक्षक १८ जना विद्यार्थीबाट पाइयो भने सफा सुग्घर र अनुशासित भएमा पुरस्कार दिने प्रतिक्रिया २ जना प्र.अ. १५ जना शिक्षक र १५ जना विद्यार्थीको प्रतिक्रिया पाइयो ।

मािथको तालिकाबाट वा विद्यालयमा पुरस्कारको अवस्थाको प्रतिक्रियाबाट के व्याख्या गर्न सकिन्छ भने विद्यालयमा विद्यार्थीले आफ्नो पढाइमा उत्कृष्ट भएमा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा मात्र पुरस्कार पाउने गरेको प्रतिक्रिया प्र.अ., शिक्षक विद्यार्थीहरुलाई मात्र पुरस्कृत गर्ने र अन्य कमजोर विद्यार्थीहरुलाई पुरस्कृत नगर्ने हो भने कमजोर विद्यार्थीको शिक्षण सिकाइमा सुधार ल्याउन सकिदैन । त्यसकारण, विद्यालयमा पुरस्कार दिने व्यवस्था हुनु राम्रो मानिन्छ ।

**पुरस्कारको प्रकार**

पुरस्कारको प्रकारबारे प्रधानाध्यापक, शिक्षक विद्यार्थी र अभिभावकको प्रतिक्रिय निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५**

**पुरस्कारको प्रकारबारे प्र.अ. शिक्षक विद्यार्थी र अभिभावकको प्रतिक्रिया**

| क्र.सं | विवरण | प्र.अ. (३) | शिक्षक (१८) | विद्यार्थी २४ | अभिभावक २४ | जम्मा ६९ |
|---|---|---|---|---|---|---|
| १ | कापी कलम, पेन्सिल झोला किताव विद्यालय पोशाक सामन्यज्ञान प्रमाणपत्र मेडल मिठाई । | 3 | 18 | 24 | 24 | 69 |
| २ | स्यावास धन्यवाद, राम्रो, धेरै राम्रो अतिराम्रो शरीरमा हात राखी थाप मार्ने आफै प्रयास गर । | 2 | 14 | 21 | 8 | 45 |
| ३ | माया, ममता, मिठो स्वरले बोलाउने, कक्षामा प्रशंसा गर्ने परीक्षामा अंक थप गरिदिने । | 1 | 8 | 5 | | 14 |

स्रोत : स्थलगत अध्ययन,२०६९

माथिको तालिकाबाट नै स्पष्ट देखिन्छ । विद्यालयमा विद्यार्थीलाई कुनै पनि आर्थिक पुरस्कार दिने गरेको पाइएन । तर भौतिक पुरस्कार भने कापी, कलम, पेन्सिल, किताब, विद्यालय पोशाक झोला मेडल र प्रमाणपत्र विद्यालयले दिने गरेको पाइयो ।

सम्पूर्ण विद्यालयका ३ जना प्रधानाध्यापक, १८ जना शिक्षक २४ जना विद्यार्थी र २४ जना अभिभावकको प्रतिक्रिया पाइयो । तर उत्प्रेरणात्मक, शाव्दीक सम्वलनहरु स्यावास धन्यवाद, राम्रो धेरै राम्रो अतिराम्रो प्रयास गर भन्ने विद्यार्थीको शरीरमा हात राखी थाप मार्ने हौसल प्रदान गर्ने भन्ने २ जना प्र.अ. १४ जना शिक्षक २१ जना विद्यार्थी र ८ जना अभिभावकको प्रतिक्रिया पाइयो । त्यसैगरी माया, ममता, मिठो स्वरले बोलाउने कक्षामा प्रशंसा गर्ने  परीक्षामा अंक थप गरिदिने भन्ने प्रतिक्रियामा १ जना प्रधानाध्यापक, ८ जना शिक्षक र ५ जना विद्यार्थीको भनाई पाइयो भने यसमा कुनै अभिभावकको प्रतिक्रिया पाइएन ।

यसरी हेर्दा विद्यालयमा आर्थिक पुरस्कार भन्दा भौतिक पुरस्कार र शाव्दिक रुपमा उत्प्रेरणात्मक हौसलामुखी शब्दहरु बढी शिक्षकहरुले प्रयोग गरिएको पाइयो । यसकारण के भन्न सकिन्छ भने विद्यार्थीलाई कुनै पनि पुरस्कार भएपनि दण्डभन्दा शिक्षण सिकाईमा सकारात्मक प्रभाव पार्दछ ।

### ४.१.३ विद्यालयमा दण्ड पुरस्कारको व्यवस्था

विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने कारणहरु विभिन्न हुन सक्छन् । जसमा तपाईको किन, कुन कारणले दण्ड पुरस्कार दिने गर्नु भएको छ ? भन्ने प्रतिक्रियामा प्रधानाध्यापक र शिक्षक प्रतिक्रिया यस्तो छ - विद्यार्थीको नराम्रो बानी व्यवहारको सुधार गर्न विद्यार्थीहरुलाई कक्षामा छलफल गर्ने बानीको विकास गर्न दण्ड दिने गरेको प्रतिक्रिया पाइयो भने विद्यार्थीले आफूहरुलाई शिक्षकले विषयवस्तुप्रति राम्रो तयारी नगरेर आउँदा हल्ला गर्ने भनी अनुशासनमा राख्न, कक्षा नियन्त्रण र शान्त बनाउन शिक्षकहरुले दण्ड दिने गरेको प्रतिक्रिया पाइएको थियो । पुरस्कारको सन्दर्भमा कुन अवस्थामा किन दिनुहुन्छ भन्ने प्रशनमा उत्कृष्ट नतिजा र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा अनुशासित सफासुग्घर भएमा मात्र पुरस्कार दिइन्छ, अन्यथन दिइदैन भन्ने प्रधानाध्यापकको प्रतिक्रिया थियो । यस्तो प्रकारको कारणले दण्ड र पुरस्कारको व्यवस्थाबारे सरोकारवालाहरुको प्रतिक्रिया निम्न तालिकाबाट स्पष्ट गराइएको छ ।

## तालिका - ६

## दण्ड र पुरस्कार दिने व्यवस्थाबारे विद्यालयका प्र.अ. शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया

| क्र.सं | विवरण | प्र.अ. (३) | शिक्षक (१८) | विद्यार्थी २४ | अभिभावक २४ | जम्मा ६९ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा विद्यार्थीले गल्ती नदोहोऱ्याउने कागज गराउने,प्र.अ.को जिम्मा लगाउने,विद्यालयबाट रेष्टिगेट गर्ने,कक्षामा पैसा तिराउने,विद्यार्थीलाई सम्झाउने,अभिभावकलाई जानकारी गराउने । | 3 | 18 | 24 | 24 | 69 |
| २ | विद्यार्थी अनुशासित भएमा उत्कृष्ट नतिजा ल्याएमा कक्षा कार्य र गृहकार्य सधै गरेमा, अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा | 2 | 16 | 21 | | 39 |
| | सफासुग्घर भएमा,नीतिनियम पालना गरेमा विद्यालयमा समयमा आएमा प्रार्थना राम्रो गरेमा कक्षामा साथीहरुसँग छलफल गरेमा | 2 | 10 | 12 | | 24 |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिकामा विद्यालयमा दण्ड र पुरस्कार दिने व्यवस्था के कस्तो छ ? भनी प्रधानाध्यापक शिक्षक विद्यार्थीको समष्टीगत प्रतिक्रिया अफिसमा प्रधानाध्यापकको जिम्मा शिक्षकहरुले लगाउने, विद्यार्थीलाई सम्झाउने, अभिभावकलाई जानकारी गराउने,विद्यार्थीलाई गल्ती नदोहोऱ्याउन कागज गर्ने, रेष्टिगेट गर्ने व्यवस्था छ भनी ३ वटै विद्यालयका ३ जना प्र.अ. २४ जना शिक्षक २४ जना विद्यार्थी र २४ जना अभिभावकको प्रतिक्रिया पाइयो । त्यसैगरी विद्यालयमा पढाइमा उत्कृष्ट नतिजा प्राप्त गर्ने कक्षा कार्य र गृहकार्य सधै गर्ने र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कार दिने व्यवस्था भन्ने विद्यालयका २ जना प्र.अ. १६ जना शिक्षक २१ जना विद्यार्थी,१४ जना अभिभावकको प्रतिक्रिया पाइयो भने अर्को कुरा सधै सफासुग्घर भएमा विद्यालयको नीतिनियम पालना गरेमा विद्यालयमा समयमा आएमा प्राथना राम्रो गरेमा कक्षामा साथीहरुसँग छलफल गरेमा

पुरस्कार दिने व्यवस्थ भन्ने विद्यालयका २ जना प्रधानाध्यापक १० जना शिक्षक १२ जना विद्यार्थीको प्रतिक्रिया थियो भने अभिभावकको कुनै प्रतिक्रिया थिएन ।

सबै विद्यालयहरुमा नराम्रो काम गरेपछि अफिसमा प्र.अ.को जिम्मा लगाउने विद्यार्थीहरुलाई पटक पटक सम्झाउने,अभिभावकलाई जानकारी गराउने गल्ती नदोहोऱ्याउने कागज गर्ने र रेष्टिगेटसम्मा गर्ने गरेको पाइया साथै उत्कृष्ट नतिजा ल्याउने अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा पुरस्कार दिने व्यवस्थ गरेको पाइयो साथै सधै सफा सुग्घर हुन गरेमा पनि पुरस्कार दिने व्यवस्था गरेको पाइयो ।

यसबाट के भन्न सकिन्छ भने विद्यार्थीको नकारात्मक व्यवहारमा परिवर्तन ल्याउन वानी सुधार्ने अनुशासित राख्ने कक्षा नियन्त्रण गर्ने शान्त वनाउने नाममा केही हदसम्म दण्ड दिएपनि उनीहरु कुमालेको काँचो माटो जस्तै भएकोले राम्रासँग सम्झाउने बुझाउने र सिकाउने गरी सकारात्मक व्यवहारलाई अझ प्रभावकारी वनाउन पुरस्कारको व्यवस्था गर्नु जरुरी पर्दछ । तर दण्डको तुलनामा पुरस्कार कम प्रयोग गर्ने गरेको पाइन्छ । यस्तो हुनु शिक्षकले आफ्नो इज्जत र मान प्रतिष्ठामा आँच आउने किसिमको काम गर्नु हो ।

## ४.२. विद्यालयमा दण्ड र पुरस्कारले शिक्षण सिकाईमा पारेको सकारात्मक/नकारात्मक प्रभाव

निम्न माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरु कुन कुन अवस्था के कसरी र किन दण्डित र पुरस्कृत हुन्छन् भन्ने कुरा यस अघि नै उल्लेख गरिसकेको छ विद्यार्थीहरु जे जसरी दण्डित र पुरस्कृत भएपनि यसको प्रभावलाई नगर्न मिल्दैन । जसरी थनेडाइ (१९३०) प्रयत्न र भूल सिकाईको सिद्धान्तमा मुख्य कुरा दण्ड र पुरस्कारको भूमिकालाई मानेका छन् कुनैपनि सिकाईमा दण्डको तुलनामा पुरस्कारको भुमिका बलियो हुन्छ उनले सिकाईमा सन्तुष्टि र असन्तुष्टिका परिणामहरु वरावर र विपरित हुन्छन् भनेका थिए । सिकाइमा पुरस्कार मात्र नभई दण्डले पनि प्रभाव पार्दछ भन्ने कुरा उल्लेख गरेका छन् । यसै सिद्धान्तनुसार शारीरिक रुपमा दिएको दण्डले पारेको प्रभावलाई त सबैले थाहा पाउन सक्छन् बुझ्न सक्दछन् तर मनोवैज्ञानिक रुप्मा दिइने दण्डले कति प्रभाव वा असर पुऱ्याउछदछ ? भन्ने कुरा वुझ्न निकै गाह्रो छ । जसको मूल्याङकन गर्न सहज छैन । विद्यार्थीहरुलाई मानसिक दण्ड दिँदा पर्ने प्रभावका वारेमा ज्ञान नभए पनि वा अन्जानमा कति शिक्षकहरुद्धारा यसको प्रयोग बढी गरेको पाइन्छ ।

विद्यालयमा दिइने दण्डले विद्यार्थीहरुको शारीरिक मानसिक संवेगात्मक तथा सामाजिक विकासमा पार्ने प्रभावले उनीहरुको समग्र व्यक्तित्वलाई नै प्रभाव पुऱ्याउँदछ ।त्यसैगरी विद्यालयमा दिइने पुरस्कारले विद्यार्थीहरुमा के प्रभाव पाऱ्यो? कस्तो परिवर्तन ल्यायो र पुरस्कारबाट विद्यार्थीहरुलाई हौसला प्रदान गर्दा हुन जाने प्रभावले समग्र उसको जीवनको संघारमा नै प्रभाव पार्ने हुँदा दण्डको तुलनामा पुरस्कारको प्रयोग गर्नु आजको टड्कारो आवश्यकता हो ।

छनौट मा परेका विद्यालयका प्र.अ. शिक्षक विद्यार्थी र अभिभावकसँग दण्ड र पुरस्कार दिँदा विद्यार्थीहरुमा के कस्तो प्रभाव पर्दछ ? भनी राखिएका विभिन्न जिज्ञासाको जवाफलाई केलाएर हेर्दा यसलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छ ।

### ४.२.१ दण्डले सिकाइमा पारेको सकारात्मक र नकारात्मक प्रभाव

विद्यार्थीहरुलाई दण्ड दिँदा उनीहरु सिकाई तथा पढाइमा के कस्तो सकारात्मक प्रभाव परेको देख्नु भएको छ भन्ने प्रश्नको जिज्ञासामा प्रधानाध्यापकहरुको जवाफ यस्तो थियो सुधारात्मक तथा सचेतात्मक पूर्वक दिएको दण्डले विद्यार्थीहरुको पठनपाठनकार्यमा ध्यान गएको र वानी व्यवहार सुधार भएर सकारात्मक सहयोग पुगेको कुरा वताएका थिए । खास गरी विद्यार्थीहरु सजाय पाइन्छ भन्ने डरले बदमासी नगर्ने अनुशासित हुने समयमै विद्यालय आउने र अनावश्यक हल्ला नगर्ने जस्ता सकारात्मक प्रभाव पर्ने गरेको कुरा व्यक्त गरेका थिए ।

यसैगरी शिक्षकहरुले पनि आफूहरुसँग कहिल्यै पनि गृहयकार्य नगर्ने विद्यार्थीहरुले गृहकार्य गरेको, कक्षामा अनावश्यक हल्ला नगरीकन वस्ने अनुशासित भएका पढाइप्रति ध्यान गएको जस्तो सकारात्मक पक्षलाई औंल्याइएका थिए । विद्यार्थीहरु पनि आफूहरुले दण्ड पाएपछि केही पढ्न मन लागे पनि, साथीको सामु हीनताबोध हुने पढ्ने विषयवस्तुप्रति रुचि डरले गरेपनि अन्तआत्मादेखि रुची नवढ्ने त्रासपूर्ण वातावरणमा पढेको जस्तो भएपनि गृहकार्य र कक्षालाई गर्न केही मन जाने कुरा व्यक्त गरेका थिए । त्यसैगरी अभिभावकहरुले पनि दण्डबाट केही सकारात्मक प्रभाव परेको प्रतिक्रिया दिएका छन् जसमा छोराछोरीले दण्ड पाउने डरले घरमा पढ्ने गृहकार्य गर्ने समयमै पोशाक लगाएर विद्यालय जाने घरमा झै झगडा गर्दा विद्यालयमा गएर सलाई भनिदिन्छु भनेपछि झै झगडा नगर्ने गरे पनि दण्ड दिँदा शिक्षकहरुले विचार गरी सुधारात्मक किसिमको दिनुपर्दछ भनेका थिए ।

सुधारात्मक तथा सचेततात्मक रुपबाट दिएको दण्डले विद्यार्थीहरुको पठनपाठन कार्यदेखि अन्य वानी व्यवहारमा सकारात्मक प्रभाव विद्यार्थीहरुमा परेको पाइयो ।

यसरी माथिका हरेक प्रतिक्रिया केलाएर हेर्दा के भन्न सकिन्छ भने, विद्यार्थीहरुलाई सचेतात्मक तरिकाले दिएको दण्डले उनीहरुको पढाइमा सहयोग पुग्नुका साथै नराम्रा बानी व्यवहारमा सुधार आउने जस्ता सकारात्मक प्रभाव परेको देखिन्छ ।

विद्यालयका प्रधानाध्यापकहरुसँग बालबालिकाहरुलाई दण्ड दिँदा पढाइ तथा सिकाइमा कस्तो नकारात्मक प्रभाव पर्दछ? भनी सोधिएको प्रश्नमा जिज्ञासा यस्तो प्रकारको थियो -दण्ड आफैमा नराम्रो कार्य हो,यसका धेरै नकारात्मक प्रभाव रहेकका छन् । विद्यार्थीहरु दण्ड दिने शिक्षकसँग सधै डराउने,नजानेका कुरा सोध्न डराउने दण्ड दिने शिक्षकको आदर नगर्ने,विद्यालयमा कम उपस्थित हुने तथा बीचैमा विद्यालयबाट भाग्ने गर्दछन् । त्यसैगरी विद्यार्थी र शिक्षकबीच सुमधुर सम्बन्ध नहुने हुन्छ भने शारीरिक दण्डले विद्यार्थीहरुमा पीडा बोध, हीनताबोध भई शिक्षक तथा पढाइप्रति नराम्रो धारणा बन्ने जस्ता प्रभावहरु परेका प्रतिक्रिया दिएका छन् । यसैगरी शिक्षकहरुले भने दण्ड पाएका विद्यार्थीहरु कक्षामा निष्कृय तथा चुपचाप बस्ने नजानेका कुरा नसोध्ने पढाइप्रति उत्साहित नहुने,सृजनात्मक पक्षको विकास नहुने चोटपटक लाग्दा नराम्रो भावनाको सोचाइ आउने पढाइको कुरा तथा पढाइप्रति नराम्रो धारणा बन्ने जस्ता प्रभावहरु परेका प्रतिक्रिया दिएका छन् । यसैगरी शिक्षकहरुले भने दण्ड पाएका विद्यार्थीहरु कक्षामा निष्कृय तथा चुपचाप बस्ने नजानेका कुरा नसोध्ने पढाइप्रति उत्साहित नहुने सृजनात्मक पक्षको विकास नहुने चोटपटक लाग्दा नराम्रो भावनाको सोचाई आउने पढाइको कुरा बुझ्न नसक्ने उपलब्धी स्तर गर्दै गएको जस्ता नकारात्मक प्रभाव परेको कुरा प्रतिक्रिय दिएका छन् ।

विद्यार्थीका अनुसार दण्ड दिदा आफुमा निरुत्साहित हटो साही भावना सिर्जना पढाइप्रति अरुची दण्ड दिने शिक्षकप्रति डर, दण्ड दिने शिक्षकले पढाएको नबुझ्ने र उक्त दण्डको नकारात्मक प्रभाव सम्बन्धी जिज्ञासा राख्दा विद्यार्थीहरुले शिक्षकलाई आदर नगर्ने विद्यालयमा दिएको दण्डको वदलाको भावना लिने, विद्यालय जान नमान्ने,बीचमै विद्यालयबाट भाग्ने, पढाइप्रति चिन्तित नहुनेजस्ता प्रभाव परेको उल्लेख गरेका छन् ।

विद्यार्थीहरु दण्ड दिने शिक्षकसँग सधै डराउने,बीचैमा विद्यालय छोड्ने, आदर नगर्ने,विद्यालय छोडिदिने हिनताबोध शिक्षकप्रति नराम्रो धारणा सृजनात्मक पक्षमा कमी जस्ता थुप्रै कुरामा नकारात्मक प्रभाव परेको पाइयो ।

यसबाट के भन्न सकिन्छ भने दण्ड भनेको सकारात्मक पक्षभन्दा बढी नकारात्मक सोचको विकास गराउने एउटा माध्याम हो त्यसकारण दण्ड दिनु राम्रो होइन ।

### ४.२.२ पुरस्कारले सिकाइमा पारेको सकारात्मक र नकारात्मक प्रभाव

पुरस्कार विद्यार्थीहरुको सिकाइमा के कस्तो सकारात्मक प्रभाव पारेको छ भन्ने जिज्ञासामा प्र.अ. शिक्षक,बिद्यार्थी र अभिभावकको समष्टिगत धारणा एउटै थियो, जसमा पुरस्कारबाट विद्यार्थीहरुमा पठनपाठन कार्यमा ध्यान गएको उत्प्रेरित र उत्साहित हुने, अनुशासित भएको समयमा विद्यालय पोशाक लगाएर विद्यालय नियमित आउने गरेको अरिरिक्त क्रियाकलापमा भाग लिन रुचाउने कक्षाकार्य र गृहकार्य गर्न सधै रुचाउने घरमा अधिकाँस समय पढ्ने बाँकी समयमा अतिरिक्त क्रियाकलाप गर्ने विषयवस्तुमा मेहनतसाथ कोशिस गर्ने, शिक्षकसँग राम्रो सम्बन्ध भएको,निर्धक्कमा नडराएर बोल्ने हरेक कुरामा चासो राख्ने गरेको, सकारात्मक र सुधारोन्मुख हौसलामुखी प्रभाव परेको प्रतिक्रिया थियो । यसबाट के स्पष्ट हुन्छ भने वास्तवमा दण्डको तुलनामापुरस्कार बढी प्रयोग गर्दा विद्यार्थीमा दण्डबाट पर्ने सकारात्मक प्रभावभन्दा पुरस्कारबाट गर्ने सकारात्मक प्रभाव बढी भएकोले र यसको फाइदा हरेक विद्यालय परिवारलाई हुने कुरा पक्का गर्न सकिन्छ ।

विद्यालयमा पुरस्कारले नकारात्मक प्रभाव पारेकको छ कि छैन भन्ने प्रश्नको जिज्ञासामा प्रधानाध्यापकले खासै पारेको छैन तर पनि पुरस्कार पाएको कुनै विद्यार्थीले साथीलाई हेपेर बोल्ने गरेको प्रतिक्रिया थियो भने, शिक्षकले साथीसँग घमण्ड गर्ने मात चढेको र व्यवहारमा परिवर्तन आएको, शिक्षकसँग टाढा हुदै गएको सधै जान्ने हुँ भन्ने सोचाई भएको, हौसला प्रति घमण्डी हुने प्रतिक्रिया थियो ।

साथीलाई हेप्ने घमण्ड गर्ने जस्ता नकारात्मक प्रभाव विद्यार्थीमा सामन्यतया भए पनि दण्डको तुलनामा पुरस्कारको नकारात्मक प्रभाव कम भएको पाइयो ।

माथिको प्रतिक्रियाबाट के भन्न सकिन्छ भने विद्यालयमा विद्यार्थीको लागि पुरस्कार नै सबै पक्षको मुख्य कुरा हो भन्ने भए पनि दण्डको तुलनामा पुरस्कार नै बढी प्रभावकारी भएको देखिन्छ ।

### ४.२.३. धेरै दण्ड पाउने र पुरस्कार पाउने विद्यार्थीको अध्ययन

यस्ता किसिमका विद्यार्थीको रेकर्ड अध्ययन गर्दा दण्ड पाउने विद्यार्थी विद्यालयमा कम आउने कुनै आउँदै नआउने आएपनि बीचैमा कक्षा छोडी जाने विद्यालयमा हाजिर कम हुने देखियो । साथै उनीहरुको नतिजा हेर्दा अधिकाँस विषयहरुमा खासगरी अनिवार्य विषयमा अनुर्तिर्ण भएको, उत्तिर्ण भएको विषयहरुमा पनि उत्तिर्ण अंक मात्र ल्याएको अध्ययनबाट पाइयो । दण्ड पाउने विद्यार्थीको तुलनामा पुरस्कार पाउने विद्यार्थी अनुशासित, शान्त नियमसंगत चलने, हरेक कार्यक्र अतिरिक्त क्रियकलापमा भाग लिने गरेको पाइयो भने दण्ड पाउने विद्यार्थी अनुशासनहित, शिक्षकसँग मुखमुखै लाग्ने सार्थीहरुसँग विनाकारण पनि झगडा गर्ने गरेको पाइयो । दण्ड पाउने विद्यार्थीहरुलाई अफिसमा ल्याएर प्रधानाध्यापकको जिम्मा लगाउने र प्रधानाध्यापकले दण्ड दिने गरेको पाइयो । दण्ड पाउने विद्यार्थी शिक्षक,प्र.अ. को सम्बन्धमा कमी देखियो । दण्ड पाउने विद्यार्थीको अभिभावक र शिक्षकसँगको प्र.अ. सँग खासै सम्बन्ध नरहेको तर कुनै कुनै अभिभावक भने दण्ड दिएकोमा शिक्षक र प्र.अ. सँग खुशी भई सम्बन्ध राम्रो भएको पाइयो ।

त्यसै गरी विद्यार्थीमा गरिएको अध्ययनबाट के कस्तो सकारात्मक र नकारात्मक प्रभाव पारेको छ भनी केलाएर हेर्दा विद्यार्थीहरुमा दण्डले दिमागमा सधै भरी पिटाई मात्र सोच्ने पढाइमा चाहना नहुने मैले के गल्ती गरेजस्तो लाग्ने किन दण्ड दिए होलान भन्ने कोहुलता बढ्ने सकारात्मक सोच नहुने नियमित दण्डको कारण पढाइप्रति सोच नहुने जस्ता नकारात्मक प्रभाव परेको प्रतिक्रिय पाइयो ।

पुरस्कार पाउने विद्यार्थीहरु नियमित पोशाकमा सधै आउने गरेको पाइयो । पुरस्कार पाउने विद्यार्थीको अनिवार्य विषयको नतिजा पनि राम्रो र अन्य विषयको पनि राम्रै भएको पाइयो । पुरस्कार पाउने विद्यार्थी अफिसमा कामले मात्र आउने गरेको पाइयो । पुरस्कार पाउने विद्यार्थी अभिभावक, शिक्षक र प्र.अ. सँगको सम्बन्ध राम्रो पुरस्कार प्राप्त गर्न पाए हुन्थ्यो भन्ने हौसला जागेर आउने आफ्नो जीवनको बाटो आफैले बनाउनुपर्दछ, प्रगतितिर उन्मुख हुनुपर्दछ भन्ने जस्ता सोचहरु बढ्ने प्रतिक्रिया पाइयो ।

माथिका कुराहरुलाई केलाएर हेर्दा विद्यार्थीहरुलाई सकारात्मक प्रभावभन्दा नकारात्मक प्रभाव बढी पर्ने र शिक्षकसँग प्रतिकारमा उत्रिए पछि शिक्षकको समेत इज्जतमा दाग लाग्ने हुँदा सबैको एकमत देखिन्छ । त्यसकारण शिक्षकहरुले विद्यार्थीहरुलाई दण्ड दिँदै नदिने यहि दिनु परेमा कम भन्दा दण्ड दिएर शिक्षण गर्न राम्रो हुन्छ ।

## ४.३ विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन गर्दा देखिएका समस्याहरु

विद्यालय दण्ड र पुरस्कार व्यवस्थापन गर्दा विभिन्न किसिमका समस्याहरु देखिनसक्छन् । बालबालितकाहरुले सर्वाङ्गण पक्षको विकास गर्नका लागि आमाबाबु दाजुभाइ घरपरिवार तथा छरछिमेकी र समाजको महत्वपूर्ण भूमिका रहेको हुन्छ त्यो भन्दा बढी महत्वपूर्ण भूमिका विद्यालयको रहको हुन्छ । त्यसकारण शिक्षण सिकाइ क्रियाकलापमा हरेक पक्षलाई सोच पुऱ्याएर विद्यार्थीको शारीरिक मानसिक,सामाजिक पारिवारिक वैयक्तिक जीवनमा आँच नआउने गरी विद्यार्थीको हरेक पक्षलाई हौसलापूर्ण तरिकाले सिकाई गर्न नराम्रा बानी व्यवहारलाई हटाउने किसिमले दण्ड र पुरस्कारको व्यवस्थपन गर्नुपर्दछ । हाम्रो जस्तो गरिव र विकासोन्मुख राष्ट्रमा शिक्षाको स्थिति नाजुक रहेको छ जसको पछाडि ग्रामीण विद्यालयमा भौतिक सामग्रीको अभाव, तालिम प्राप्त शिक्षक को अभाव, शिक्षकहरुलाई सेवा सुविधाको अभाव सहित विद्यालयमा विद्यार्थीको संख्या क्षमता बढी रहेको छ शिक्षकहरुमा मनोविज्ञानको कमी मात्र होइन शैक्षिक योग्यता पनि न्युन देखिन्छ । वर्तमान समयमा पनि विद्यालयहरुमा बालबालिकाहरुमाथि उचित व्यवहार बालमनोविज्ञान अनुरुपको सिकाइ तथा बालमैत्री विद्यालय वातावरण नभएर पुरानै शैलि अनुरुप नै पठनपाठन कार्य संचालन गर्दै आएकोमा झन थप समस्या देखा परिरहेका छन् । विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन गर्न देखिएका समस्याहरु निम्न अनुसार उल्लेख गर्ने प्रयास गरिरहेको छ ।

### ४.३.१ विद्यार्थी कक्षा वा विद्यालय छोड्ने समस्या

दण्ड आफैमा नराम्रो कार्य भएकाले विद्यार्थीहरु दण्ड दिने शिक्षकसँग डराउने नजानेको कुरा सोध्न नसक्ने,शिक्षकको आदर नगर्ने, विद्यार्थीमा निरुत्साहित,हतोत्साहित भावनाको सृजना दण्डको बदलाको भावना लिने,विद्यालय जान नमानी पढाइप्रति चासो चिन्तन नभई विद्यालय छोड्ने समस्या बढ्न थालेको छ ।

### ४.३.२. विद्यार्थीमा देखा पर्ने शारीरिक तथा मानसिक समस्याहरु

विद्यार्थीमा दण्डले सकारात्मक प्रभाव पार्न नाममा दिएको दण्डले विद्यार्थीहरुमा शारीरिक रुपमा नराम्रो चोटपटक लाग्न सक्छ,अंगभंङ्ग पनि हुन सक्छ, जस्तो कान समातेर उठबस गर्न लगाउने,घाउचोटपटक लाग्ने गरी लठ्ठी र डस्टरले हिर्काउने गालामा हिर्काउने, कान तान्ने रौ तान्ने,चिमोट्ने एक अर्काको टाउको ठोकाउने,साथीलाई पिट्न लगाउने जस्ता शारीरिक दण्ड दिएमा शिक्षक प्रति नै विद्यार्थी रिसाउने, जाइलाग्ने,वदला लिने भावना पैदा भई ठूलो समस्या हुन सक्छन् । त्यस्तै मानसिक वा मनोवैज्ञानिक दण्ड जस्तै गाली गर्ने झपार्ने धम्काउने होच्याएर बोल्ने विभिन्न उपनाम राख्ने जस्ता लज्जित गराउने मानसिक दण्डले बालबालिका झन वृद्धि एकोहोरो तनावपूर्ण आदि हुने सम्भावना बढ्छ, जसले विद्यार्थी विद्यालय छोड्ने गरेको पाइयो ।

### ४.३.३ शिक्षक,विद्यालय,विद्यार्थी र अभिभावकबीच चिसोपन

विद्यालयमा शिक्षण सिकाई सुधारको नाममा दण्ड पनि बढी प्रयोग भएपनि नकारात्मक प्रभाव त पर्छ नै जो विद्यालयका सम्बन्धित व्यक्तिहरु प्रति सम्बन्ध टाढा हुँदै जानसक्छ शिक्षकले दण्ड धेरै दिएमा उ प्रति विद्यार्थी अभिभावकका साथै सिंगो समाज नै जाइलाग्न सक्छ जसले विद्यालयको शैक्षिक वातावरण नै समस्यामा पर्छ ताकि शिक्षण राम्रो र प्रभावकारी हुन सक्दैन नकारात्मक प्रभाव बढी र सकारात्मक प्रभाव न्युन हुन सक्छ । यसले गर्दा शिक्षक विद्यालयको इज्जतमा नै प्रश्न चिन्ह खडा हुन्छ भन्ने जस्ता प्रतिक्रिया सरोकारवालाबाट पाइयो ।

### ४.३.४ शिक्षकप्रति विद्यार्थीले प्रतिशोधको भावना सृजना गर्ने

धेरै कक्षामा दण्ड दिने शिक्षकप्रति विद्यार्थीले मेरो भविष्यको लागि हो, सरले ठिक भन्नु भएको छ भन्ने कुराको अध्ययन सोच विचार नगरी शिक्षकसँग झगडा गर्ने आक्रमण गर्ने पख, ठूलो भएपछि यसको बदला लिएर छाड्छु जस्ता अभिव्यक्ति पनि आएको पाइयो । जस्तो १ जना विद्यार्थीको भनाई यसप्रकार छ ।

“म ठूलो भएपछि सरलाई कुटने छु र अहिले दिएको दण्डको सट्टा पछि दिनेछु तत्काल दिएपछि विद्यालयबाट रेटिगेट गरेर कावाही गर्दछन् । त्यसकारण यो रिसपछि पक्कै पोख्नेछु” भनी बताएका छन्

### ४.३.५ दण्ड व्यवस्थापनमा सरोकारवालबीच समन्वयको अभाव देखिनु

वर्तमान समयमा आएर शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यार्थीहरुलाई कुनै पनि किसिमको दण्ड दिने प्रावधान नभए तापनि व्यवहारमा त्यो कुरा हुन सकेको छैन । तसथै पनि कस्तो किसिमको दण्डसम्म दिन पाउने भन्ने कुराको क्षेत्र सबैको समन्वयमा तोकिनु अनिवार्य छ । नियम पालना नगरी कुनै शिक्षकले अमानविय कार्य गरेमा कडा कार्वाहीको व्यवस्था हुनुपर्दछ । तर अध्ययन क्षेत्रमा परेका विद्यालय यस्तो कुनै किसिमको नियम कानुन नभएको साथै प्र.अ. शिक्षक अभिभावकबीच दण्ड सम्वन्धी कुनै पनि किसिमको समन्वय नभएको प्रतिक्रिया पाइयो ।

### ४.३.६ आर्थिक पक्षमा देखिने समस्या

विद्यालयमा विद्यार्थीहरुलाई दिइने पुरस्कार आर्थिक वा भौतिक जुनसुकै पुरस्कार भएपनि यसले आर्थिक पक्षसँग सरोकार राख्छ । जुन विद्यालयको आर्थिक स्थिति कमजोर छ त्यस्तो विद्यालयमा नगद वा भौतिक (कापी,कलम,झोला,पोशाक) पुरस्कार दिंदा समस्या सृजना हुन्छ । त्यस्तै प्रकारले अध्ययन क्षेत्रका विद्यालयहरुमा पनि विद्यालयको आर्थिक पक्ष कमजोर भएको पाइयो जसले गर्दा पुरस्कार थोरै परिणाममा दिने गरेको पाइयो ।

### ४.३.७ सरोकारवालाहरुबीच द्धन्द्धको सिर्जना

पुरस्कारको व्यवस्थापन गर्दा कसैबाट (सम्बन्धित सरोकारवाला) बाट द्धन्द्ध श्रृजना नहुने मनमुटाव नहुने गरी निष्पक्ष तौरबाट सबैको चित्त बुझ्दो हुनुपर्छ । पक्षपात पूर्ण कुनै राजनैतिक व्यक्तिको वा पाटीको मातहतबाट भन्दा सबैको सल्लाहबाट हुनुपर्छ भन्ने धरणा सबको पाइयो जसले द्धन्दको सृजना हुनबाट रोक्न सकोस् । पक्षपात पूर्ण व्यवस्थापन भएमा एक अर्कामा शंका उपशंकाको भावना पैदा हुँदैन विद्यालय सबैको साझा र पवित्र थलो हो यसमा पवित्र काम गर्नुपर्छ भन्ने धारणा हुँदाहुँदै पनि प्राय शिक्षक,विद्यार्थी अभिभावकमा शंकाको भरमा वादविवाद पर्ने गरेको पाइयो । जसले गर्दा द्धन्द्धको सृजना भई विद्यालयको शैक्षिक वातावरण विग्रन्छ ।

### ४.३.८ विद्यार्थीहरुमा अहमताको सृजना देखा पर्नु

पुरस्कार पाउनु भनेको सम्मान पाउने हो । राम्रो उत्कृष्ट काम गरेवापत दिइने इनामलाई पुरस्कार हो । तर अध्ययन क्षेत्रका केही विद्यार्थीहरुमा अहमता भई कमजोर

साथीलाई हेप्ने, थर्काउने,फे भयो भनी जिस्काउने गरेको केही मात्रामा पाइयो । साथै घमण्ड गर्ने मात चढेको र व्यवहारमा परिवर्तन आई शिक्षकसँग टाढा हुने गरेको, सधै जान्ने हुँ भन्ने सोचाई भएको हौसला प्रति घमण्डी हुने गरेको पाइयो ।

### ४.३.९ पुरस्कार व्यवस्थापन प्र.अ. शिक्षक अभिभावकको समन्वयको अभाव

सामुदायिक विद्यालयहरुमा प्र.अ. शिक्षक तथा अभिभावक बीच समन्वय हुन नसक्नुले पनि विद्यालयमा पुरस्कार व्यवस्थापन सम्वन्धी समस्या आउने गरेको छ । कस्तो किसिमको पुरस्कार व्यवस्था गर्ने आर्थीक भौतिक तथा सम्लग्न त्यसको छनोट सरोकारवालाबीच समन्वय गरी गर्नुपर्छ । तर शिक्षक अभिभावक,प्र.अ. को प्रतिक्रियामा समन्वय नभएको प्रतिक्रिया प्राय शिक्षक अभिभावक,प्र.अ. बाट पाइयो । स्टाफ बैठक वि.व्य.स. को बैठक बसी सरसल्लाह गर्नुपर्नेमा यस्तो नभएको पनि पाइयो । जसले विद्यालयको पुरस्कार व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ ।

## ४.४ विद्यालय दण्ड र पुरस्कार व्यवस्थापन गर्दा आएका समस्याहरुको समाधानका उपायहरु

विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थापन गर्दा देखिएका समस्याहरुको समाधानका लागि प्रधानाध्यापक,शिक्षक, विद्यार्थी र अभिभावकका भनाई धारणा एवम् प्रतिक्रिया र प्रत्यक्ष अप्रत्यक्ष शिक्षण अवलोकन दण्ड र पुरस्कार पाएका विद्यार्थीहरुको घटना अध्ययन विद्यालय रेकर्डका आधारमा समाधानका उपायहरु प्रस्तुत गरिन्छ ।

### ४.४.१ बालमैत्री विद्यालय वातावरणको सृजना गर्ने

विद्यालयहरुलाई सिकाइप्रति आकर्षित गर्न विद्यालयमा रमाइलो बालमैत्रीपूर्ण वातावरणमा हौसलामुखी अवसर प्रदान गरी विद्यालय तथा कक्षकोठामा विद्यार्थीहरुलाई निरकुशताको प्रयोग नगरी स्वतन्त्रता पूर्वक आफ्ना जिज्ञासाहरु राख्न सक्ने, नजानेको सहजै सोध्न सक्ने अनुभुति शिक्षकहरुले विद्यार्थीहरुलाई गराउनु पर्ने जसले कक्षा विद्यालय छोड्ने होइन आउने प्रेरित गर्न सकोस् ।

### ४.४.२ शारीरिक तथा मानसिक दण्डलाई निरुत्साहित गरी प्रेरणादायी वातावरण निर्माण गर्ने

विद्यार्थीहरु विभिन्न शारीरिक तथा मानसिक दण्ड जस्ता कडा नियम बनाएर हतोत्साहित बनाउनुभन्दा विद्यालयमा सबै पक्ष मिलेर छलफल र सहकार्यमा नीति नियम बनाउनु पर्ने शारीरिक र मानसिक दण्डलाई निरुत्साहित गरी उनीहरुको विग्रदो जीवन वा भविष्यलाई अगाडी बढाउन प्रेरित गर्नुपर्ने देखिन्छ ।

### ४.४.३ शिक्षक विद्यालय विद्यार्थी र अभिभावकबीच समन्वय र समझदारी विकास गर्ने

विद्यालयमा दिइने दण्डप्रति अभिभावकको गुनासो भएकोले विद्यालयले समुदायसँगको सम्वन्ध दरिलो राख्न प्रधानाध्यापक र शिक्षक सक्रिय हुनुपर्ने देखिन्छ । साथै विद्यालयमा विद्यार्थीमा गरिने दण्डलाई निरुत्साहित गरी पुरस्कारलाई प्रोत्साहित गर्न शिक्षकलाई उचित तालिम, बालमनोविज्ञानको ज्ञान दिने व्यवस्था गर्नुपर्ने ।

### ४.४.४. दण्डलाई निरुत्साहित गरी हौसलामुखी र सुधारोमुखी शिक्षण गर्ने

दण्डले गर्दा विद्यार्थीहरुको सर्वाङ्गिण पक्षमा कमजोर महसुस भई सुधारात्मक भन्दा गिरावट आएर,प्रधानाध्यापक र शिक्षकहरुप्रति नकारात्मक धारणाको प्रतिशोधको भावना विकास भएकोले त्यसलाई त्याग गरी त्योबाट सुरक्षित हुन पुरस्कृत र बालमनोभावना बुझेर मात्र शिक्षण गर्नुपर्ने ।

### ४.४.५. सरोकारवालबीच दण्ड सम्बन्धी व्यवस्थाको निर्माणमा एकरुपता ल्याउने

दण्ड सम्बन्धी व्यवस्था सबै सरोकारवाला (शिक्षक,प्र.अ. तथा अभिभावकको ) बीच समन्वय गरी कस्तो किसिमको दण्डसमम दिन पाउने भन्ने कुराको क्षेत्र तोकिनुपर्ने वा त्यसको विकल्प खोजी लागु गर्नुपर्ने साथै नियम पालना नगरी कुनै शिक्षकको अमानविय कार्य गरेमा कडा कारवाहीको व्यवस्था गर्नुपर्ने ।

### ४.४.६ विद्यालयको आर्थिक अवस्था हेरी पुरस्कारको व्यवस्था गर्ने

विद्यार्थीलाई कुनै पनि राम्रो काम गरेवापत वा उसको शिक्षण सिकाईलाइ अभिप्रेरित वा हौसलामुखी गराउन दिइने पुरस्कार जथाभावी वा एउटा (प्र.अ.,शिक्षक,अभिभावक) को मनोमानी तरिकाले नदिई विद्यालयको आर्थिक अवस्थाा अनुसार दिनुपर्ने देखिन्छ जसले सबै पक्षको मनोभावनालाई कायम गर्न सकोस् ।

### ४.४.७. पुरस्कारको वितरणमा मितव्यतता कायम गर्ने

विद्यालय एउटा पवित्र थलो भएकोले यसमा अपवित्र र कुकार्य गर्ने व्यक्तिलाई उचित किसिमको कारवाहीको व्यवस्था वि.व्य.स. वा सम्वन्धीत निकायको उच्च निकायले व्यवस्था गर्नुपर्ने पुरस्कारको व्यवस्था गर्दा स्वच्छ प्रभावकारी र पक्षपात पूर्ण तरिकाले गर्ने जसले कसैको मन मुटाव वा झगडा तेरो मेरो भनने राजनैतिक व्यक्तिगत दवाव झेल्नु नपरोस् जसले गर्दा पुरस्कार पक्षपात पूर्ण हुनुपर्ने देखिन्छ । जसको कारण द्वन्द्व ननिम्त्याओस् ।

### ४.४.८ विद्यार्थीलाई सुधारात्मक बाटोतिर लाग्न अभिप्रेरित गर्ने

पुरस्कार पाउनले नपाउनेलाई हेप्ने, थर्काउने, जिस्क्याउने, लज्जित बनाउने, घमण्ड गर्ने शिक्षकसँग टाढिने जुन प्रवृति छ त्यसमा विद्यार्थीलाई आफ्ना अभिभावक, शिक्षक विद्यालय प्रशासनले सकारात्मक बाटो तिर लाग्न अभिप्रेरित गर्नुपर्ने देखिन्छ । जसले उनीहरुको अह्म घमण्डी मनोविचार न्युनिकरण होस् ।

### ४.४.९ पुरस्कार सम्वन्धी अभिभावक, वि.व्य.स. र स्टाफ बैठक बसी निर्णय गर्ने

आफ्ना छोराछोरी पाउने दण्डको र त्यसले पार्ने प्रभावहरुका बारेमा अभिभावकहरु समयमै सचेत हुनुपर्ने र आफ्ना छोराछोरीले प्राप्त गर्ने पुरस्कारलाई बढुवा दिन र दण्ड र पुरस्कारको व्यवस्था राम्रोसँग गर्न अभिभावकहरुले विद्यालय परिवारलाई समयसमयमा घच्घच्याउनु आवश्यक देखिन्छ ।

यसरी समग्रमा भन्नुपर्दा विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्थापन गर्दा वा दण्ड र पुरस्कार दिंदा विभिन्न नकारात्मक प्रभाव/समस्याहरु उत्पन्न हुन सक्ने अवस्था देखिन्छ । जसले विद्यालय वातावरण शिक्षक,विद्यार्थी,अभिभावकबीच ठूलो खाडल पैदा गर्न सक्छ ।त्यस्तो भयावह समस्याबाट वञ्चित छन् । शिक्षक विद्यार्थी अभिभावकहरुबीच समन्वय, समझदारी र सककार्यहुन अति आवश्यक देखिन्छ । जसले सबैको चौतर्फी विकास र व्यक्तित्वमा ठूलो टेवा पुग्न सक्छ ।

# परिच्छेद : पाँच

## निष्कर्ष र सुझावहरु

### ५.१. निष्कर्ष

शोध अध्ययनबाट प्राप्त भएका नतिजाको विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । जुन अध्ययन सिन्धुली जिल्ला लाम्पान्टार गा.वि.स अन्तर्गत पर्ने ३ वटा विद्यालयमा आधारित भएर गरिएको छ । विद्यार्थीहरुको सर्वाङ्गिण पक्षको विकास गर्ने र विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउने जस्ता उद्देश्य अनुरुप संचालन भएको हाम्रो शिक्षा व्यवस्था वा प्रणाली भएपनि कार्यान्वयनको पक्षमा भने खुकुलो भएको छ । शिक्षामा प्रजतान्त्रिक मूल्य मान्यता अनुरुप शिक्षा प्रदान भनिए पनि नेपालमा सामुदायिक र संस्थागत विद्यालय गरी २ खाले शिक्षा रही आएको छ । यस्ता दुवै विद्यालयमा हालसम्म पनि परम्पराशैलिमा पठनपाठन कार्य संचालन हुँदै आएको पाइन्छ । शिक्षकहरु उचित किसिमको योग्यता दक्षता तालिमको अभाव बाल मनोविज्ञान तथा बालमैत्री वातावरण सिकाई वातावरणको अभाव शिक्षाशास्त्र संकायबाट उत्तिर्ण गरेको शिक्षकहरुको अभावले हरेक विद्यालयमा सिकाई वातावरण सौहार्द्र पूर्ण तथा उत्साहजनक हुन सकेको छैन । प्रधानाध्यापकहरुले निरंकुश नीतिनियमको व्यवस्था गरी शिक्षकलाई कडा निर्देशन दिने गरेको शिक्षकहरुले पनि परम्परागत तथा निरंकुश शैलीमा शिक्षण कार्य गर्ने गरेको पाइन्छ । उनीहरुले विद्यालयमा विद्यार्थीको कुनै न कुनै रुपमा शारिरीक तथा मानसिक दण्ड दिने गरेको तर पुरस्कृत र हौसला दिन विद्यालयको मुख ताक्नु परेको अवस्था देखिन्छ ।

विद्यालयमा प्र.अ. ले सबैमा दण्डदिनुभन्दा विध्वंसात्मक कार्य गर्नेलाई वा विद्यालयमा नराम्रो कार्य गर्ने विद्यार्थीहरुलाई दण्ड दिने गरेपनि कक्षाकार्य, गृहकार्य कहिल्यै नगर्ने, वानी व्यवहार भएका कापी, कलम, किताव नै नलिई विद्यालय आउने विद्यार्थीहरु विशेषत दण्डित हुने गरेको पाइयो भने पढाइमा उत्कृष्ट हुने तथा अतिक्ति क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरु पुरस्कृत हुने गरेको पाइयो ।

विद्यार्थीहरुलाई अनुशासित बनाउन उनीहरुमा रहेका नराम्रा बानी व्यवहार सुधार गर्न पढाइमा अध्ययनशील लगनशील बनाउन कक्षा नियन्त्रित र शान्त बनाउनको लागि विभिन्न अवस्थामा शारीरिक दण्डहरु कान समातेर उठबस गराउने लठ्ठी डस्टरले हिर्काउने

कान तान्ने, रौ तान्ने साथीलाई पिट्न लगाउने जस्ता कार्य गरेको पाइन्छ भने मानसिक दण्डमा कडा निर्देशनदिने कक्षाबाट बाहिर निकालेर घर पठाइदिने विभिन्न उपनाम राखी गाली धम्की दिने जस्ता मनोभावनामा गिरावट आउने शब्दहरु बढी प्रयोग गरेको पाइन्छ । शिक्षकले आफ्नो गल्ति, कमजोरी ढाकछोप गर्न कक्षाकोठा अनुशासित र शान्त बनाउन विद्यार्थीहरुलाई विना कारण दण्ड दिने तर पुरस्कार कापी, कलम पेन्सील झोला ड्रेस प्रमाणपत्र मेडल दिने गरेको पाइन्छ ।

विद्यालयमा विद्यार्थीहरुले नराम्रो काम गरेपछि अफिसमा लिएर प्र.अ.को जिम्मा लगाउने विद्यार्थीहरुलाई धेरैपटकसम्म सम्झाउने, अभिभावकलाई केलाएर जानकारी गराउने र मानसीक दण्ड दिने व्यवस्था सबै विद्यालयमा भएको पाइन्छ । साथै अनुशासित र सफासुग्घर हुने विद्यार्थीलाई पुरस्कृत गरेको पाइन्छ । विद्यालयमा विद्याथीहरु समयभित्र कक्षा कोठाभित्र नआएमा कक्षाकार्य गृहकार्य नगरेमा चक चक र झगडा गरेमा शिक्षकले पढाएको समयको बीचमा प्रश्न सोधेमा शारीरिक र मानसिक दण्डको प्रयोग बढी गर्ने हुँदा विद्यार्थीमा हीनताबोध शिक्षकप्रति प्रतिशोधको भावना आत्मग्लानी र वेइज्जती भई चिन्तित हुने कुरा घट्ना अध्ययनमा पाइन्छ ।

विद्यालयहरुमा प्रधानाध्यापक र शिक्षकद्धारा विद्यार्थीहरुलाई दण्ड दिँदा विद्यालय जान नमान्ने,विचैमा कक्षा छोड्ने विद्यालय जातै छोड्ने उपस्थितिमा कमी आउने पढाउने प्रति रुचि नजाने प्रतिशोध उत्पन्न भई शिक्षक विद्यार्थी र अभिभावकहरु बीच सम्बन्ध नराम्रो भई अभिभावक र विद्यालयविच सहकार्यमा कमी आउने गरेको पाइन्छ । जसको कारण नकारात्मक प्रभावतिर बढी सहयोग गरेकोले विद्यार्थीमा जोसजाँगर उत्साह, उत्कृस्ता, विर्धकता,मेहनत गर्ने बानीमा सुधार भएको पाइन्छ ।

विद्यालयमा दण्ड दिनु अनुचित कार्य भएपनि सुधारात्मक र सचेतात्मक तवरबाट दण्ड दिन नहुने दण्डको सट्टा विद्यार्थीलाई सम्झाई बुझाई स्यावासी, राम्रो अति राम्रो अझै प्रयास गर भन्ने जस्ता प्रजातान्त्रीक पद्दतिनुरुप पुरस्कारको माध्यामबाट शिक्षण गर्नुपर्ने धारणाहरु सम्वन्धित सरोकारवालाको पाइन्छ । तर समग्रमा दण्डलाई प्रयोग नगर्ने भन्दा केही कम प्रयोग गर्ने कुरा स्पष्ट पाइन्छ । साथै दण्ड र पुरस्कारको व्यवस्था गर्दा सबै सरोकारवालाहरुको समन्वय र समझदारीमा गरिनु पर्ने कुरा पनि आएको पाइन्छ ।

निष्कर्षमा दण्ड र पुरस्कारको वारेमा प्रधानाध्यापक,शिक्षक,विद्यार्थी, अभिभावक सबैले दण्ड अनुचित कार्य र पुरस्कार उचित कार्य भएको कुरामा सहमत छन् ।

विद्यार्थीहरुको भविष्य उज्यालो बनाउने, विद्यालयहरुमा विद्यार्थीको सर्वाङ्गीगणहरुको नराम्ररी भएर पु¥याउने खालका क्रियाकलाप कुनै पनि हालतमा गर्नु नहुने कुरा बताएका छन् । विद्यार्थीहरुलाई दण्डको सट्टा सम्झाई,बुझाई, सिकाई, फकाएर, हौसला प्रदान गरी पुरस्कारको माध्यामबाट सिकाई सञ्चालन गर्नु पर्ने सुझावहरु पनि सबै पक्षबाट आएको पाइन्छ । त्यसैले दण्डलाई निरुत्साहित र पुरस्कारलाई प्रोत्साहित गर्ने सबैले आफ्नो पक्षबाट पहल गरी महत्वपुर्ण भूमिका निर्वाह गर्नुपर्ने आजको आवश्यकता देखिन्छ ।

### ५.२ सुझावहरु

निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्थापन, अध्ययन गर्ने क्रममा प्रधानाध्याप, शिक्षक, विद्यार्थी र अभिभावकहरुका भनाई धारणा एवं प्रतिक्रियामा र प्रत्यक्ष अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन, दण्ड पाएका विद्यार्थीहरुको घटना अध्यन यी विद्यार्थीहरुको विद्यालय रेकर्ड अध्ययनबाट प्राप्त सूचना र जानकारीहरुको विश्लेषण तथा व्याख्यापछि प्राप्तिका आधारमा दण्ड न्यूनीकरण र पुरस्कार प्रयोगमा वृद्धि होस भन्ने मनसायले यस अध्ययनका प्राप्ती र निष्कर्षको आधारमा निम्नलिखित सुझावहरु पेश गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थापन राम्रो र प्रभावकारी ढंगले व्यवस्था वा पहिचान गर्नका लागि विभिन्न नीति अप्नाउनुपर्दछ । दण्ड र पुरस्कारको व्यवस्थापनको लागि विद्यालय परिवार मात्रले सम्भव हुदैन् । विद्यालयको माथिल्लो निकाय जिल्ला शिक्षा कार्यालय क्षे.शि.नि. शिक्षा विभाग देखि मन्त्रालयसम्मका साथै स्थानीय स्तरमा आवश्यक सुझाव सल्लाहको लागि नीति बनाउनुपर्ने हुन्छ । सामुदायिक विद्यालय झन वि.व्य.स. को अधिकारमा नीहित भएकाले दण्ड र पुरस्कारको विद्यालयमा व्यवस्थापन गर्ने जिम्मा स्थानीय निकाय विद्यालय व्यवस्थापन समितिलाई काम कर्तव्य र अधिकार नीतिगत रुपमा तयार गर्न दिनुपर्दछ । जसले गर्दा शिक्षक विद्यार्थी अभिभावकहरुवीच मनमुटाव भई विद्यालको वातावरण नै खलवलीन नपाओस् । पक्षपात पूर्ण राजनैतिक दवाव जस्ता कुराले असर नगर्ने हुनुपर्दछ । विद्यालयमा दिइने शारिरीक र मानसिक दण्डबाट विद्यार्थीहरुमा गम्भीर प्रभाव पु¥याउने खालका दण्ड दिने प्रधानाध्यापक तथा शिक्षकलाई विद्यालय व्यवसपन समिति जिल्ला शिक्षा अधिकारी स्रोतशक्तिले विभागीय कारवाही गर्ने सक्ने नीतिगत व्यवस्था हुनुपर्ने

र पुरस्कारबाट पर्ने गम्भीर प्रभावलाई केलाएर कायान्वयनमा ल्याउनुपर्ने जस्ता नीति हुन आवश्यक देखिन्छ ।

विद्यालयमा प्रधानाध्यापकले शिक्षकले गरिरहेको शिक्षण विद्यार्थीहरुलाई गर्नुपर्ने व्यवहारको निरक्षण गर्नुपर्ने र नीति नियमको व्यवस्था गरी जिल्लाा शिक्षा कार्यालयले अनुगमनको व्यवस्था मिलाउनुपर्ने । दण्डबाट विद्यार्थीमा बढी नकारात्मक प्रभाव वढी परेको र सकारात्मक प्रभाव कम परेकोले दण्डका वैकल्पीक उपायहरु  अवलम्वन गर्ने प्रक्रिया शिक्षकलाई उचित तालिम वालमनोविज्ञान ज्ञान दिने व्यवस्था माथिल्लो निकायबाट दिने नीति नियमको व्यवस्था गर्नुपऱ्यो । समग्रमा विद्यार्थीलाई दिइने शारीरिक र मानसिक जस्ता दण्डलाई राज्यले प्रतिवन्ध गर्न लगाई पुरस्कारलाई कायान्वयन गर्ने व्यवस्था राज्यले विद्यालयलाई मिलाउनुपर्ने पहल गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तह

विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थापनको लागि यसको सही र उचित प्रयोगको लागि स्थानीय सरोकारवालाहरु स्थानीय निकाय सामाजिक कार्यकर्ता, वुद्धिजीवि, राजनैतिक दलसँग छलफल गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिन्छ । दण्ड र पुरस्कारको व्यवस्थापन गर्दा शिक्षक कुनैपनि स्वार्थमा नलागी पेशागतप्रति बढी समर्पित गृहकार्य गर्नुपर्दछ । ताकी दण्ड मुखी,सिकाइ भन्दा पुरस्कार मुखी शिक्षणमा अभिप्रेरित गर्न सकोस् । विद्यालयमा वेलावेलामा दण्ड र पुरस्कारको प्रयोग सम्वन्धी अभिमुखिकरण तालिम (जस्तो कस्तो कस्तो परिस्थितिमा कस्तो दण्ड र पुरस्कारको प्रयोग गर्ने) को व्यवस्था गर्नुपर्ने देखिन्छ ताकी, वालमनोविज्ञान सम्वन्धी ज्ञान नभएका शिक्षकको लागि राहत पुगोस् । जिल्ला शिक्षा कार्यालयको अनुरोधमा स्रोतव्यक्तिको सहभागितामा बेला वेलामा शिक्षक अभिभावक,विद्यालय व्यवस्थापन समिति बीच दण्ड र पुरस्कारको व्यवस्थापन कसरी किन गर्ने कुन समयमा गर्ने जस्ता विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने देखिन्त । जसले सरोकारवालहरु वीचको चिसोपन वढ्ने शंकालाई निरुत्साहित गर्न टेवा पुऱ्याउने विद्यालयले अभिभावकलाई यसवारे जानकारी थाहा पाउन विद्यालयको भ्रमण गर्न उत्साहित गर्नका साथै समय समयमा अभिभावक भेलाको आयोजना गरी उनीहरुमा वालवालिकाको, हरेक पक्षको जानकारी उपलब्ध गराउनुपर्ने देखिन्छ । जसले उसलाई पढ्न राम्रो वानी

व्यवहार वसाउन नराम्रो काम प्रति निरुत्साहित गर्न सकोस बेलाबेलामा अभिभावक विद्यालयलाई निगरानी गरे उ सम्मीलित भई राम्रो काम गर्न उत्साहित हुन्छ ।

### ५.२.३. अनुसन्धान तह

यस अध्ययनको क्रममा विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थपन सम्वन्धी अध्ययन गरिएको हुँदा यस सम्वन्धी अन्य पक्षहरुलाई पनि अध्ययन गर्न सजिलो हुने हुँदा अभ्यास तहमा सरोकारवालाहरुलाई थप जिम्मेवारी वनाई वर्तमानमा देखिएका समस्याहरु वा निराकरणका कठिनाय र भविष्यमा देखा पर्ने समस्यालाई हटाउनको लागि थप अनुसन्धान तहमा जोड दिनुपर्ने देखिन्छ । विद्यालय तहमा दण्ड र पुरस्कार सम्वन्धी सवैलाई पूर्ण ज्ञान नहुँदाा कस्तो समयमा दण्ड र पुरस्कारका नकारात्मक सकारात्मक प्रभावको साथै वालमनोविज्ञानको पूर्ण ज्ञान नहुँदा सरोकारवाला सबैलाई व्यवस्थापनमा समस्या सृजना भएको देखिन्छ । दण्ड र पुरस्कार व्यवस्थापन सम्वन्धीत रहेर कार्यक्रम नीतिनियम वनाउने क्रममा विद्यालय र त्यसमा सरोकार राख्ने सरोकारवाला व्यक्तीहरुसँगै अगाडी बढाउनुपर्ने देखिन्छ । जसको सहायताबाट विभिन्न व्यक्तिको दण्ड र पुरस्कार सम्वन्धी विचार,राय,सल्लाह, बुझि समूह र समाजको आवश्यकता पहिचान गरी निर्णयमा पुग्न सकिन्छ । जसले वर्तमान समय अनुसारको सुझाव एवम् सल्लाह प्रदान गरी अनुसन्धानकर्ताको उद्देश्यनुसारको प्रतिफल प्रापत गर्न सकिन्छ ।

विद्यालय तहमा दण्ड र पुरस्कारको व्यवस्थापन गर्ने क्रममा प्रधानाध्यापक, विषय शिक्षक,विद्यार्थी,विद्यालय व्यवस्थापन समिति,अभिभावक,वुद्धिजिवि सामाजिक संघ संस्थाहरुसँग समन्वय गर्नुपर्ने शिक्षकलाई मनोविज्ञान सम्वन्धी समय समयमा तालिमको व्यवस्था गर्ने शिक्षण सिकाई क्रियाकलापमा दण्ड र पुरस्कारबाट आइपर्ने शारीरिक मानसिक समस्या समाधानका लागि विज्ञहरु र उच्चनिकायसँगको सम्पर्क बढाउने प्र.अ. बाटो आफ्नो विद्यालयमा रहेका शिक्षकहरुको शिक्षण क्रियाकलाप निरक्षण तथा मूल्याङकन गर्नुपर्ने विद्यार्थीको शैक्षिक उपलव्धीको आधारमा शिक्षक विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्ने विद्यालयमा दण्ड र पुरस्कार व्यवस्थपन सहि र निपष्क्ष गर्नका लागि धेरै भन्दा धेरै सरोकारवालालाई सहभागितामा जोड दिने । अन्तमा दण्ड र पुरस्कारले विद्यार्थीको शैक्षिक विकास तथा उपलव्धीमा कस्तो (सकारात्मक नकारात्मक) प्रभाव पार्दछ र यसको सिकाईमा भूमिकासम्वन्धी अध्ययन गर्न सकिन्छ ।

# सन्दर्भसामग्री


खनाल, श्रीप्रसाद (२०५६), *उच्च तथा न्युन शैक्षिक उपलब्धीमा प्रभाव पार्ने तत्वहरु,* ( अप्रकाशित शोधपत्र), कीर्तिपूरः त्रिभुवन विश्वविद्यालय ।

खनाल, पेशल,(२०६७), *अनुसन्धान पद्धति,* काठमाडौँः सनलाईट पब्लिकेशन ।

घिमिरे, पुण्यप्रसाद (२०६७), *शिक्षक शिक्षा,* भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र ।

जि.वि.स. (२०६७/०६९), *एकीकृत वार्षिक जिल्ला विकास योजना,* सिन्धुलीः जिल्ला विकास योजना ।

जोशी, बाल्मिकीप्रसाद (२०६५), *प्रा.वि. तहमा शिक्षकको पेशागत दक्षता,* पाठ्यक्रम तथा मूल्याङकन विभागबाट स्वीकृत (अप्रकाशित शोधपत्र), कीर्तिपुरः त्रि.वि.वि. ।

नेपालको अन्तरिम संविधान (२०६३), *नेपाल अन्तरिम संविधान,* काठमाडौं : कानुन व्यवस्था विभाग ।

नेपाल, रामचन्द्र (२०६६), *सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन, (अप्रकाशित शोधपत्र),* सुर्खेतः सुर्खेत बहुमुखी क्याम्पस ।

पोखरेल, मोहनमणि (२०६६), *शैक्षिक मनोविज्ञान,* काठमाडौँः वृहस्पति प्रकाशन ।

वोहोरा शेरवहादुर (२०६५), *प्राथमिक विद्यालयमा दण्डको अवस्था* (अप्रकाशित शोधपत्र), कीर्तिपुरः त्रि.वि. पाठयक्रम तथा मूल्याङ्कन विभाग ।

शर्मा, आचार्य नन्दकुमार (२०६६), *हाम्रो विद्यालयको शिक्षण सिकाइमा दण्ड र पुरस्कारको अवस्था कस्तो छ,* कीर्तिपुर : त्रि.वि. पाठ्यक्रम तथा मूल्याङकन विभाग ।

शर्मा, गोपीनाथ (२०६०), *प्राविधिक सहायक दिग्दर्शन,* काठमाडौँः मकालु बुक्स ।

शर्मा, चिरन्जीवी (२०६३), *कक्षाकोठा मनोविज्ञान,* काठमाडौँः एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, रमेशहरि ढकाल (२०६७), *म एक विशुद्ध शिक्षक,* ललितपुरः ज्ञानविज्ञान संचार सहकारी ।

शर्मा एन्ड शर्मा (२०६७), *शिक्षा मनोविज्ञान,* काठमाडौँः एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स

सेभ द चिल्ड्रेन (२००९) *विद्यालय बालसुलभता र सजायको अवस्था,* काठमाडौँः सेभ द चिल्ड्रेन ।

CERID, (1997), *A study on dropout in Primary Level Education*, Kathmandu: CERID.